# अध्याय-एक

# शोधपरिचय

## १.१.अध्ययनको पृष्ठभूमि

भाषा विषयका प्रश्नहरू भाषिक सीपहरू मापन गर्ने गरी निर्माण गर्नुपर्दछ । अन्य विषयका प्रश्नहरूको तुलनामा भाषा विषयका प्रश्नहरू निर्माण गर्न केही कठिन हुन्छ नै तथापि भाषिक गम्भीरतालाई नबुझी प्रश्नपत्र बनाउँदा भाषिक सीपको सही मूल्याङ्कन हुन नसकेको स्थिति छ । नेपाली भाषा विषयको प्रश्नपत्र निर्माणमा सम्बन्धित शिक्षकहरू विषयविज्ञ नहुनु, तालिम प्राप्त शिक्षक नहुनु, परीक्षण ज्ञान, सीप नहुनु, नेपाली विषयलाई सरल विषय ठान्नु, विशिष्टीकरण तालिकाको प्रयोग नगर्नु आदि थुप्रै समस्याहरू देखिएका छन् ।

प्रश्नपत्र निर्माणका पछिल्ला प्रयासहरूलाई हेर्दा त्रि.वि.नेपाली शिक्षकहरूको वि.सं. २०३४ सालमा सम्पन्न भएको राष्ट्रिय सम्मेलनमा श्री शरदचन्द्र शर्माद्वारा प्रस्तुत मूल्याङ्कन विधि नामक कार्यक्रम प्रमुख सुधारात्मक कदमको प्रारम्भिक बिन्दु मान्न सकिन्छ ।

नेपाली भाषा विषयका त्रि.वि.र महेन्द्र संस्कृत विश्वविद्यालयका शिक्षकहरूको वि.सं. २०४६ सालमा सम्पन्न दोस्रो राष्ट्रिय अधिवेशनमा 'अनिवार्य नेपालीको मूल्याङ्कन' नामक कार्यक्रम र सोही कार्यपत्रको खण्ड (ख) मा प्रश्नपत्रबारे छोटो टिप्पणी शीर्षकमा श्री हेमाङ्गराज अधिकारी, श्री चेतनाथ शर्मा र लालानाथ सुवेदीद्वारा त्रि.वि.र म.सं.वि.का सबै सङ्काय, संस्थान र प्रमाणपत्र तथा स्नातक तहका २/२ प्रतिका दरले अनिवार्य र विशेष नेपालीका ३२ प्रति प्रश्नपत्रको अध्ययन र विश्लेषण गरिएको पाइन्छ।

वि.सं. २०५१ सालमा काठमाडौँ शिक्षा क्याम्पसद्वारा प्रकाशित 'शिक्षाशास्त्र सौरभ' नामक पत्रिकामा श्री हेमाङ्गराज अधिकारीज्यूद्वारा प्रस्तुत गरिएको 'अनिवार्य नेपाली भाषाको परीक्षण र मूल्याङ्कन' शीर्षकको लेख महत्त्वपूर्ण र सान्दर्भिक देखिन्छ (अधिकारी, २०५१ : ३०-३२) । उक्त लेखमा परीक्षणका लागि भाषिक तत्त्वहरूको पहिचान, पृथकीकृत र एकीकृत परीक्षण तथा पहिचानात्मक र उत्पादनात्मक परीक्षणको महत्त्व र सीमाहरूको उल्लेख गरिनुको साथै निबन्धात्मक प्रकृतिका प्रश्नहरूको वर्गीकरण-आधार, प्रकृति, अङ्क र समय विभाजनबारे पनि स्पष्ट पार्ने प्रयास गरेको पाइन्छ ।

यसैगरी एस.एल.सी.स्तरका प्रश्नहरूको निर्माण र परिमार्जनका सन्दर्भमा रा.शि.प.यो.(२०२८-०३२) पूर्व र पछिका प्रश्न हेर्ने बाहेक खासै उल्लेख्य केही प्रयासहरू भएको पाइदैन । २०२८ पूर्वका एस.एल.सी.का प्रश्नहरू साहित्य र संज्ञानात्मक सीप परीक्षणमा केन्द्रित रहेको देखिन्छ भने २०२८ पछि पनि नेपाली भाषाका प्रश्न निर्माण अध्ययन, विश्लेषणका आधारमा नभई सीमित समय र शक्तिको प्रयोगबाट प्रश्न निर्माण गरेको पाइन्छ ।

वि.सं. २०५८ सालमा काठमाडौं शिक्षा क्याम्पसद्वारा प्रकाशित 'शिक्षाशास्त्र सौरभ' नामक पत्रिकामा श्री माधवप्रसाद पौडेलद्वारा प्रस्तुत गरिएको 'भाषिक प्रश्ननिर्माण र विश्लेषणका आधार' शीर्षकको लेख महत्त्वपूर्ण छ । उक्त लेखमा भाषिक परीक्षणका प्रश्नहरूलाई तथ्याङ्कशास्त्रीय र सैद्धान्तिक गरी दुई आधारहरूबाट विश्लेषण गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । तथ्याङ्कशास्त्रीय आधार सबैको निम्ति पहुँचयोग्य र व्यावहारिक हुन नसक्ने हुँदा भाषिक प्रश्न विश्लेषणको सैद्धान्तिक आधारलाई व्यावहारिक तरिकाले खोतल्ने प्रयास भएको पाइन्छ ।

विद्यालय शिक्षालाई व्यवस्थित गर्दै जाने क्रममा हाल विद्यालय शिक्षाको संरचनालाई आधारभूत (१-८) र माध्यमिक तह (९-१२) गरी दुई तहमा विभाजन गरिएको छ । यसैक्रममा कक्षा १० को अन्त्यमा देशव्यापी रूपमा माध्यमिक शिक्षा परीक्षा सञ्चालन हुदै आएको छ । जसको परीक्षाफल अक्षराङ्क पद्धतिमा प्रकाशन गरिन्छ ।यसै सन्दर्भमा वि.सं.२०७३ र २०७४ सालमा माध्यमिक शिक्षा परीक्षामा नेपाली भाषा विषयमा उपयोग गरिएका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्ने प्रयास यस शोधमा गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाली भाषा मूल्याङ्कन प्रक्रियालाई हेर्दा यसमा थुप्रै जटिलता तथा भ्रमहरू रहेका छन् । हालसम्मका नेपाली भाषा मूल्याङ्कन पद्धतिहरूले भाषिक सीपहरूलाई उचित रूपमा मापन गर्न सकेका छैनन् । भाषिक गम्भीरतालाई नबुझी प्रश्न निर्माण गर्दा भषिक सीपको उपयुक्त ढङ्गले मूल्याङ्कन हुन सकेको छैन । अझ प्रश्नकर्ता विषय विज्ञ नहुनु, तालिम प्राप्त तथा दक्ष शिक्षकको अभाव हुनु, परीक्षण ज्ञानको कमी हुनु, नेपाली भाषा विषयलाई कमजोर विषयको रूपमा आँकलन गर्नु, विशिष्टीकरण तालिकाको प्रयोग नै नगर्नु

तथा गरे पनि पूर्ण रूपमा नगर्नु आदि थुप्रै कुराले भाषिक परीक्षणलाई गुणस्तरहीन तुल्याएको छ । प्रश्नले परीक्षार्थीको सही मूल्याङ्कन गर्नुपर्दछ । प्रश्नले उनीहरूको योग्यता र गुणस्तर मापन गर्न सकेन भने त्यो सार्थक मूल्याङ्कन हुन सक्दैन । अतः माध्यमिक शिक्षा परीक्षा वि.सं. २०७३/२०७४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन समस्यामूलक देखिन आएको छ ।

भाषिक प्रश्नले भाषिक सीपको परीक्षण गर्नु पर्दछ । त्यसका लागि प्रश्नकर्ताहरूले प्रश्न निर्माणका सैद्धान्तिक तथा प्रायोगिक पक्षको गहिरो अध्ययन गर्नु पर्दछ । प्रश्नहरू वैध र विश्वसनीय हुनु पर्दछ । प्रश्नले जुन कुराको मापन गर्न खाजेको हो त्यसैको मापन गर्नु पर्दछ । विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक पक्षको समेत भाषिक सीपको मापन गर्नु आवश्यक हुन्छ । पाठ्यक्रमले नेपाली भाषा विषय पूर्णाङ्क १०० तोकेको छ । सो परिधिमा रहेर नेपाली भाषा विषयको मूल्याङ्कन गर्नुपर्दछ ।

नेपाली भाषा विषयको पाठ्यक्रमको व्याप्ततालाई भाषिक प्रश्नले समेट्नु पर्दछ । यद्यपि भाषिक प्रश्नले ती सम्पूर्ण क्षेत्र समेट्न त्यति सजिलो छैन । भाषिक प्रश्न निर्माणका सैद्धान्तिक पक्षलाई समेट्न सके मात्र प्रश्न स्तरयुक्त र मापनीय हुन्छ । भाषालाई हल्काफुल्का र सतही रूपमा लिँदा प्रश्न निर्माणमा अनेकन समस्याहरू आइपरेका छन् । त्यसकारण भाषिक प्रश्न निर्माणका सिद्धान्त र नीति एकातिर छ भने प्रश्न अर्कोतिर बगेको पाइन्छ ।

माध्यमिक शिक्षापरीक्षाको प्रश्नपत्र निर्माण गर्दा भाषिक सीपगत आधारमा प्रश्नहरूको वितरण गर्ने प्रयास गरिएको छ । अर्थात् भाषाका सुनाइ र बोलाइ सीपलाई समेत समेट्ने प्रयास गरेको पाइन्छ । तथापिविधाका आधारमा उचित विधागत वितरण नहुनु, विशिष्टीकरण तालिकाको उचित प्रयोग नहुनु, प्रश्नमा हुनुपर्ने विश्वसनीयता, वैधता, विभेदीकरण तथा व्यावहारिकता जस्ता गुणहरूको अभाव हुनु, प्रश्नमा स्पष्ट निर्देशन, अङ्क विभाजन र समय निर्धारण नहुनु, भाषिक शुद्धता नहुनु, जस्ता समस्या नेपाली भाषाका प्रश्नपत्रमा रहेका छन् ।

यो शोधकार्यमाध्यमिक शिक्षा परीक्षामा प्रश्न निर्माण गर्दा अपनाइने विधि, सिद्धान्त तथा सावधानीको अध्ययनका साथै निर्मित प्रश्नपत्रहरूको बाह्यर आन्तरिकआधारमा विश्वसनीयता, वैधता जस्ता पक्षहरूसँग सम्बन्धित निम्न प्रश्नहरूमा केन्द्रित रहने छ :

- माध्यमिक शिक्षा २०७३ र २०७४ मा निर्माण गरिएकाप्रश्नपत्रहरूमा के-कस्ता समानता र भिन्नताहरू रहेका छन् ?
- माध्यमिक शिक्षा २०७३ र २०७४ मा प्रश्न निर्माण गर्दा के-कस्ता कमीकमजोरी भएका छन् ? र तिनको न्युनीकरण कसरी गर्न सकिन्छ ?

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरू रहनेछन् :

क) प्रश्नपत्रहरूको बाह्य आधारमा तुलनात्मक अध्ययन विश्लेषण गर्नु,

ख) प्रश्नपत्रहरूको आन्तरिक आधारमा तुलनात्मक अध्ययन विश्लेषण गर्नु,

ग) कमीकमजोरी औंल्याएर सुधारका निम्ति आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## १.४. अध्ययनको महत्त्व

भाषा शिक्षण सिकाइपछि विद्यार्थीहरूमा व्यावहारिक परिवर्तनको अपेक्षा पाठ्यक्रमले राखेको हुन्छ । हालसम्मको नेपाली भाषाको शिक्षण र मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्दा कमीकमजोरीहरू हुँदाहुँदै पनि सामान्य सुधारहरू भएका छन् । वर्तमान अवस्थामा भाषा विषयको निरन्तर विद्यार्थीमूल्याङ्कन पनि गर्न थालिएको पाइन्छ । मूल्याङ्कन र परीक्षा प्रणालीलाई समयानुकूल परिवर्तन र परिमार्जन गर्नु आवश्यक छ । पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न मूल्याङ्कन प्रणाली अन्तर्गत प्रश्नपत्र विश्लेषणको कमी, शिक्षकहरूलाई प्रश्न निर्माण सम्बन्धी तालिमको अभाव, अनुभवको कमी, प्रश्न निर्माणलाई गम्भीररूपमा नलिने विद्यमान अवस्थामा आवश्यक सुझावहरू प्रस्तुत गर्न प्रश्नहरूको विश्लेषण गर्नु सान्दर्भिक ठानिएको छ ।

## १.५. अध्ययनको परिसीमा

यस अध्ययनका निम्न सीमाहरू रहेकाछन् :

क) माध्यमिक शिक्षा परीक्षा वि.सं.२०७३ र २०७४का प्रश्नपत्रको मात्र तुलनात्मक अध्ययन गरिएकोछ ।

ख) यस अध्ययनमा प्रश्नपत्रहरूको आन्तरिक र बाह्य आधारमा मात्र तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ ।

# अध्याय-दुई

# सैद्धान्तिक परिचय

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

कुनै पनि कार्यक्रमको अन्त्यपछि उक्त कार्यक्रमको मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा पनि निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइकार्यक्रम सञ्चालन हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीमा अपेक्षित परिवर्तन आयो-आएन, उपलब्धि हासिल भयो-भएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो ।यसलाई शिक्षण सिकाइको चक्रीय प्रक्रियाभित्रको एक अभिन्न अङ्गको रूपमा लिइन्छ ( पराजुली र अन्य, २०६७ : ५) । मूल्याङ्कनले शिक्षणको उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी सुधारात्मक शिक्षण योजना बनाउन सहयोग गर्छ ।

"मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो, जुन मापन भन्दा बढी व्यापक हुन्छ । यसमा गुणात्मक एवम् सङ्ख्यात्मक मापनका साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा पर्दछन्," (ज.ब.रा.र अन्य, २०६७ : ११) । शिक्षासँग सम्बन्धित सम्पूर्ण शैक्षिक प्रक्रिया र गतिविधिको लेखाजोखा गर्ने आधार मूल्याङ्कन भएकाले शिक्षण सिकाइ प्रक्रियाबाट अपेक्षित उपलब्धि हासिल भयो-भएन भनी विद्यार्थीको सिकाइ उपलब्धिको मापनका लागि पनि मूल्याङ्कन आवश्यक हुन्छ । विद्यार्थीका सिकाइ उपलब्धि परीक्षणमा मूल्याङ्कनको भरपर्दो साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ । विद्यार्थीका लेखन सीप, बोध सीप र पढाइ सीपसम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनको एउटा साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ ।

विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनको एउटा भरपर्दो साधन प्रश्नपत्र हो । मानव समाजको स्थापना, विकास र विस्तारसँगै प्रत्यक्ष वा परोक्ष रूपमा कुनै पनि वस्तु, घटना, चिज, प्रक्रिया आदिको लेखाजोखा, छानविन, जाँचबुझ, ठीक-बेठीक छुट्याउने जस्ता क्रियाकलाप भएको पाइन्छ । मानव सभ्यताको जटिलताको क्रमसँगै मूल्याङ्कनका प्रक्रियाहरूमा पनि विकास र विस्तार हुँदै गएको पाइन्छ (ज.ब.रा. र अन्य, २०६७ : ८) । हाल मूल्याङ्कनमा विभिन्न नवीन प्रयोगहरू हुँदै आएका छन् ।

विद्यार्थी उत्तीर्ण अनुत्तीर्ण तथा कक्षोन्नतिसम्बन्धी निर्णय गर्नका लागि परीक्षामा प्रश्नपत्रको उपयोग गर्ने परम्परा रहेको छ । वर्तमान मूल्याङ्कन प्रणालीमा प्रयोगात्मक परीक्षाका लागि थोरै पूर्णाङ्क निर्धारण गरे तापनि लिखित परीक्षाका लागि भने धेरै पूर्णाङ्क राखिएको पाइन्छ । प्रयोगात्मक तथा शिक्षक निर्मित परीक्षा विद्यालयको मापदण्ड र अनुकूलतामा जुनसुकै समयमा जुनै तरिकाले सञ्चालन गर्ने प्रावधान रहे तापनि सामान्यताःमाध्यमिक शिक्षापरीक्षा लिखित र निश्चित समयमा, निश्चित मापदण्ड अनुसार, निश्चित अङ्कभार कायम गरी सञ्चालन गर्ने गरिन्छ । यसर्थ माध्यमिक शिक्षा परीक्षाहरूमा उपयोग गरिने प्रश्नपत्रमा स्तरीयता, मानकता र एकरूपता जस्ता गुण हुनु आवश्यक हुन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । यहाँ यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरूको सङ्क्षिप्त विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ :

पोखेल (२०६५) द्वारा **प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार गरिएको पाइन्छ । उक्त अनुसन्धानमा प्रश्नहरूको तुलनात्मक अध्ययन बाह्य र आन्तरिक आधारमा गर्ने उद्देश्य राखिएको छ । प्रवेशिका परीक्षा २०६४ का प्रश्नहरूको कमीकमजोरी पत्ता लगाउँदै सैद्धान्तिक विश्लेषण गरिएको उक्त शोधपत्रमा पाँच विकास क्षेत्रमा सोधिने भिन्नभिन्न प्रश्नहरूको समग्र अवस्थाको अध्ययन गरिएको छ । प्रश्नपत्रको विश्वसनियता र वैधताको जाँच नहुनु यस शोधको सीमा रहेको छ ।

गौतम (२०६६) द्वारा **'जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन'** शीर्षकमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको शोधकार्य भएको पाइन्छ । त्यस शोधपत्रमा जिल्ला स्तरीय परीक्षा २०६४ का प्रश्नहरूलाई प्रश्नपत्र निर्माणका आन्तरिक र बाह्य आधारमा, पाठ्यक्रमअनुरूपताका आधारमा र विशिष्टीकरण तालिका आधारमा विश्लेषण गरिएको छ । पुस्तकालयीय अध्ययनमा आधारित रही तयार गरिएको उक्त शोधपत्रले निर्देशन, अङ्क विभाजन, छपाइ, कागजको स्तर आदि आधारमा प्रश्नहरू उपयुक्त नभएका निष्कर्ष निकाली आवश्यक सुझावहरू प्रस्तुत गरेको छ ।

खनाल (२०६९) द्वारा **प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य पूरा भएको छ । बाह्य वैधताका आधारमा भाषिक सीप मापनका दृष्टिले उपयुक्तता पत्ता लगाउनु, आन्तरिक आधारमा प्रतिनिधि प्रश्नपत्रहरूले माध्यमिक तहको पाठ्यक्रम अनुरूप विद्यार्थीको भाषिक क्षमता मापन गर्न सके नसकेको पत्ता लगाउनु, विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण भए नभएको पत्ता लगाउनु जस्ता उद्देश्य राखी यो शोधकार्य पूरा गरिएको छ । मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको यस शोधकार्यमा बाह्य र आन्तरिक आधारअन्तर्गत विभिन्न उपआधारहरू तय गरी प्रश्नपत्रको निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, स्वरूप र भाषा तथा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन जस्ता आधारमा प्रश्नपत्र कमजोर रहेको निष्कर्ष निकाली आवश्यक सुझाव प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्य प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका प्रश्नपत्रको विश्लेषणमा सीमित रहेको छ ।

दाहाल (२०६९) द्वारा **कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य पूरा गरिएको छ । प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीरण तालिकाअनुरूप भए नभएको पत्ता लगाउनु, बाह्य र आन्तरिक वैधता पत्ता लगाउनु, प्रश्नपत्रमा भएका समानता र असमानता पत्ता लगाउनु तथा अध्ययनबाट प्राप्त कमीकमजोरी औंल्याएर सुधारका लागि सुझाव दिनु भन्ने उद्देश्य राखी यो शोधकार्य पूरा गरेको देखिन्छ । मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य तथा आन्तरिक आधार र उपआधारहरू तय गर्दै बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक सीपगत, विधागत आधारहरूमा प्रश्नपत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक दुबै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाव पेस गरिएको छ । पूर्वाञ्चलका इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा गरी पाँच जिल्लाहरूका प्रश्नपत्रहरूको अध्ययन विश्लेषणमा सीमित प्रस्तुत शोधकार्यमा तुलनात्मक अध्ययन हुन नसकेको देखिन्छ ।

श्रेष्ठद्वारा (२०६९) सालमा **कक्षा आठको जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रहरुको अध्ययन** शीर्षकमा वर्णनात्मक, विश्लेषणात्मक, समालोचनात्मक र

पुस्तकालयीय विधिमा शोधकार्य पूरा गरिएको छ । बाह्य वैधता र आन्तरिक वैधताका आधारमा तेह्रथुम, धनकुटा र भोजपुर जिल्लाका कक्षा आठमा उपयोग गरिएका जिल्ला स्तरीय प्रश्नपत्रहरुको अध्ययन गरी उपयुक्त निष्कर्ष निकाली आवश्यक सुझाव तथा सल्लाह प्रस्तुत गरिनु यस शोधकार्यका लागि सवल पक्ष मानिन्छ; भने सुझावलाई नीतिगत, अभ्यासगत र अनुसन्धानगत नछुट्याइनु दुर्वल पक्ष रहेको छ ।

चम्लागाईं (२०७३) **कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७२) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य पूरा गरिएको छ । २०७२ सालामा उपयोग गरिएका जिल्ला स्तरीय परीक्षाका प्रतिनिधि प्रश्नपत्रहरूको बाह्य र आन्तरिक आधारमा विश्लेषण गरी विश्वसनीयता, वैधता र उपयोगिता पत्ता लगाउने मुख्य उद्देश्य राखी यो शोधकार्य पूरा गरिएको छ । पुस्तकालयीय  र तुलनात्मक विधिको प्रयोग गरिएको उक्त शोधपत्र झापा, मोरङ र सुनसरी जिल्लाका कक्षा आठका जिल्ला स्तरीय परीक्षाका नेपाली प्रश्नपत्रमा सीमित रहेको छ । विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्रको निर्माण गर्नुपर्ने, विषयविज्ञद्वारा प्रश्नपत्र तयार पारिनुपर्ने, विद्यार्थीको उमेर, क्षमता, मनोवैज्ञानिक पक्षलाई ख्याल गरी प्रश्न निर्माण गरिनुपर्ने तथा पाठ्यक्रमको उद्देश्य अनुरूप प्रश्नपत्र तयार पारिनुपर्ने जस्ता सुझावहरू उक्त शोधपत्रले दिएको छ ।

लिम्बू (२०७३) **कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७१) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा पुस्तकालयीय र तुलनात्मक विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ। यसको मुख्य उद्देश्य भन्नु नै प्रश्नपत्रहरूको बाह्य तथा आन्तरिक वैधताका आधारमा अध्ययन विश्लेषण गरी कमीकमजोरी औँल्याएर सुधारका लागि आवश्यक सुझाव प्रदान गर्नु रहेको छ। यस अध्ययनबाट भाषिक प्रश्न निर्माण गर्दा सरलबाट जटिलताको क्रममा निर्माण गर्नु पर्ने, भाषाका चार सीपलाई (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) महत्त्वपूर्ण स्थान दिनुपर्ने, प्रश्न विषयविज्ञ, अनुभवी शिक्षकबाट तयार गरी समयको मागअनुसार परिवर्तन गरिनुपर्ने, त्यसैगरी प्रश्नपत्र मुद्रण तथा टङ्कनमा विशेष शतर्कता अपनाइ कागजको स्तरमा वृद्धि गरी छपाउनुपर्ने कुराहरू सुझाव दिइएको छ।

भट्टराई (२०७४) **कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७३) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा पुस्तकालयीय र तुलनात्मक विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ। यसको मुख्य उद्देश्य भन्नु नै प्रश्नपत्रहरूको वाह्य तथा आन्तरिक वैधताका आधारमा अध्ययन विश्लेषण गरी कमीकमजोरी औँल्याएर सुधारका

लागि आवश्यक सुझाव प्रदान गर्नु रहेको छ । यस अध्ययनबाट भाषिक प्रश्न निर्माण गर्दा सरलबाट जटिलताको क्रममा निर्माण गर्नुपर्ने, विशिष्टीकरण तालिका अनुरूप प्रश्न निर्माण गर्नु पर्ने, भाषाका चार सीपलाई (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) महत्त्वपूर्ण स्थान दिनुपर्ने, प्रश्न निर्माणमा विषयविज्ञ, अनुभवी शिक्षकबाट तयार गरी प्रश्नलाई समयको माग अनुसार परिवर्तन गरिनुपर्ने, प्रश्नपत्रमा दिइएको निर्देशन र प्रश्न एउटै पृष्ठमा हुनु पर्ने जस्ता सुझाव दिइएको छ ।

अधिकारी (२०७४) द्वारा **आधारभूत तह उत्तीर्ण परीक्षा (२०७३) मा नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन**शीर्षकमा शोधकार्य पूरा गरिएको छ । प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीरण तालिकाअनुरूप भए नभएको पत्ता लगाउनु, बाह्य र आन्तरिक वैधता पत्ता लगाउनु, प्रश्नपत्रमा भएका समानता र असमानता पत्ता लगाउनु तथा अध्ययनबाट प्राप्त कमीकमजोरी औल्याएर सुधारका लागि सुझाब दिनु भन्ने उद्देश्य राखी यो शोधकार्य पूरा गरेको देखिन्छ । मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य तथा आन्तरिक आधार र उपआधारहरू तय गर्दै बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक सीपगत, विधागत आधारहरूमा प्रश्नपत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक दुबै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाव पेस गरिएको छ ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

प्रश्नपत्र मूल्याङ्कनको एक भरपर्दो साधन हो । प्रश्नपत्र अध्ययनसँग सम्बन्धित थुप्रै शोधकार्य भएको पाइन्छ । यस अध्ययनमा प्रश्नपत्र विश्लेषणसँग सम्बन्धित प्राप्त सामग्रीहरूको यथाशक्य पुनरवलोकन गरिएको छ । प्रश्नपत्रको विश्लेषण गरिएका धेरै जसो अध्ययनहरू कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र एस.एल.सी. परीक्षाका प्रश्नपत्रहरूको अध्ययनमा केन्द्रित रहेका छन् । माध्यमिक शिक्षा परीक्षा वि.सं. २०७३ र २०७४ सालमा उपयोग  गरिएका नेपाली विषयका प्रश्नपत्रको अध्ययन नभएकाले गर्दा यो शोध कार्यमा प्रस्तुत विषयलाई शोध शीर्षकको रूपमा छनोट गरिएको हो ।

खास गरी कक्षा ८ र माध्यमिक शिक्षापरीक्षाका प्रश्नपत्रहरू आधिकारिक निकायले बनाउने तथा पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप ७५ पूर्णाङ्कमा बनिने र

अध्ययनमा सहजता समेत हुने हुँदा पूर्व अध्ययनहरू ती विषयसँग केन्द्रित भएका पाइन्छन् । यस अध्ययनमा पुनरवलोकन गरिएका अधिक सामग्रीहरूमा बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएको पाइयो, जसअनुसार पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टीकरण तालिका आदिका आधारमा प्रश्नपत्रको विश्लेषण गर्नुका साथै प्रश्नपत्र निर्माणका सैद्धान्तिक मान्यता र व्यावहारिक प्रचलनको व्याख्या र विवेचना गरिएको पाइयो ।पूर्व अध्ययनमा पाइएका प्रचलित मान्यताहरूलाई यस अध्ययनमा यथोचित रूपमा अवलम्बन गरिने छ ।

प्रस्तुत शोधकार्यमा सम्बन्धित पूर्व साहित्यको गहन अध्ययन गरी विषयवस्तुको पुनरावृत्ति नहोस् भन्ने बारेमा विशेष सजकता अपनाइने छ । पूर्व अध्ययन पद्धति तथा अध्ययनमा रहेका सबल पक्षको अनुशरण तथा कमजोर पक्षको परित्याग गरी अध्ययनलाई सकेसम्म वस्तुगत र सत्यतथ्य बनाउने प्रयत्न गरिने छ । यस क्रममा शोध विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षक, विद्यार्थी तथा विभिन्न व्यक्ति, संस्था, जानिफकार, र विशेषज्ञहरूसँग आवश्यक छलफल र परामर्श लिई अध्ययनलाई सत्य, तथ्य र वस्तुनिष्ठ बनाउने प्रयत्न गरिएको हुँदा यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरवलोकनको उपादेयता रहेको छ ।

## २.४ अवधारणात्मक ढाँचा

प्रश्नपत्र निर्माणका निश्चित मान्यता र सिद्धान्तहरू रहेका हुन्छन् । त्यस्ता सिद्धान्तको पालना गरेर निर्माण गरेका प्रश्नपत्रहरूले मात्र विद्यार्थीहरूको भाषिक सीपको मूल्याङ्कन गर्न सक्दछ । यहाँ प्रश्नपत्र निर्माणका प्रचलित सिद्धान्त, मान्यता र प्रचलनका आधारमा निर्धारित प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ । प्रश्नपत्रको अध्ययन विश्लेषणका लागि निम्न अनुसारको अवधारणात्मक ढाँचा अवलम्बन गरिने छ ।

प्रस्तुत अध्ययनमा माध्यमिक शिक्षा परीक्षा सञ्चालन भएको विद्यालयमा गई प्रश्नपत्रको सङ्कलन गरिएको छ । त्यस्तै पुस्तकालयीय विधिको प्रयोग गरी पूर्व सामग्री तथा प्रश्न निर्माणका स्थापित सिद्धान्तहरूको व्याख्या र विवेचना गरिएको छ । प्रश्नपत्र निर्माणका बाह्य र आन्तरिक आधारमा सङ्कलित प्रश्नपत्रहरूको वर्गीकरण र विश्लेषण गरी यथार्थ निष्कर्ष निकालिने छ । अध्ययनका क्रममा पत्ता लागेका तथ्य र निष्कर्षका आधारमा सम्बन्धित क्षेत्रलाई सुझाव प्रस्तुत गरिएकोछ ।

# अध्याय-तीन

# अध्ययनको ढाँचा र विधि

कुनै पनि शोधकार्यलाई सम्पन्न गर्नका लागि उक्त अध्ययन कार्यका क्रममा विभिन्न विधि प्रविधि, साधन, आदिको प्रयोग गर्नुपर्ने हुन्छ । यो अध्ययन कार्य गर्नका लागि विभिन्न प्रकारका विधिहरूको प्रयोग गरिएको छ । यसमा खास गरी अध्ययनको ढाँचा, अध्ययनको क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन र तरिका तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या विश्लेषण जस्ता विषय उल्लेख गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यस अध्ययनमा सर्वप्रथम सामग्री सङ्कलन विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलन पछि त्यसको अध्ययन, विश्लेषण गरिएको छ । त्यसैगरी वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक र पुस्तकालयीय विधिहरूको समेत प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको रहेकोछ । यस अनुसन्धानलाई पूर्णता दिनका लागि पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत अध्ययनको भौगोलिक सीमाङ्कन गर्न सकिँदैन । प्रस्तुत अध्ययनको विषयक्षेत्र भाषिक उपलब्धि तथा मूल्याङ्कन हो । भाषिक उपलब्धि तथा मूल्याङ्कन भित्रको पनि प्रश्नपत्र चाहिँ यस अध्ययनको मुख्य विषयक्षेत्र रहेकोछ ।

## ३.३तथ्याङ्क सङ्कलनका साधन र तरिका

गुणात्मक प्रकृतिको अनुसन्धानमा लिखित प्रमाणहरू, अवलोकन आदिका माध्यमबाट शब्दगत रूपमा तथ्यहरू सङ्कलन गरिन्छ। त्यसैले यस अध्ययनलाई पूर्णता दिन माध्यमिक शिक्षा पाठ्यक्रम २०७१, माध्यमिक शिक्षा विशिष्टीकरण तालिका २०७३, माध्यमिक शिक्षा परीक्षा २०७३ र २०७४ मा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नहरू, प्रस्तुत विषयक्षेत्रसँग सम्बन्धित लेखहरू तथा अनुसन्धान आदिलाई नै तथ्याङ्क सङ्कलनका साधनका रूपमा लिइएकोछ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा माध्यमिक शिक्षा परीक्षा वि.सं. २०७३ र २०७४ मा अनिवार्य नेपाली विषयका प्रश्नहरूलाई माध्यमिक शिक्षा विशिष्टीकरण तालिका वि.सं.२०६४ र २०७३ का आधारमा अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ। विशिष्टीकरण तालिकाले निर्देश गरेका प्रश्नको सङ्ख्या, अङ्कभार, समय, व्यावहारिक सीप, बोध, ज्ञान आदि सबै कुराहरूलाई आधार बनाएर पुस्तकालयीय अध्ययनको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको रहेको छ। त्यसैले एस.इ.इ परीक्षा २०७३ र २०७४ को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक पद्धतिबाट व्याख्या तथा विश्लेषण गरिएको छ। प्रश्नहरूको विश्लेषण गर्दा आवश्यकताअनुसार तालिकीकरण विधिको पनि प्रयोग गरिएको छ। विशिष्टीकरण तालिकाले निर्देश गरेका विधा, परीक्षणीय पक्ष, ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता, प्रश्नसङ्ख्या, अङ्कभार, समय आदि पक्षलाई आधार मानी प्रश्नहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ र ती तथ्यहरूका आधारमा प्रश्नहरूको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

# परिच्छेद : चार

# बाह्य आधारमा प्रश्नपत्रको तुलनात्मक विश्लेषण

## ४.१ परिचय

प्रश्नपत्र निर्माण गर्दा विभिन्न पक्षहरू पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ । यसरी निर्मित प्रश्नपत्रको विश्लेषण गर्दा रूपगत (बाह्य) र आन्तरिक आधारमा गर्नुपर्ने हुन्छ । यस अध्ययनमा प्रश्नपत्रको आकृतिगत पक्ष र आन्तरिक पक्षलाई केलाइएको छ ।

## ४.२ बाह्य आधारमा विश्लेषण

प्रश्नपत्रको आकृतिगत रूप वा रूपविधानलाई अध्ययन गर्नु नै बाह्य आधारमा प्रश्नपत्रको अध्ययन गर्नु हो । यहाँ प्रश्नपत्रको स्वरूप निर्देशन, अङ्क विभाजन समय निर्धारण, प्रस्तुति अनुक्रम र भाषालाई लिइएको छ । प्रश्नपत्रमा भएको स्वरूपगत (आकृतिगत) वैधतालाई यस अनुसन्धानमा केलाइएको छ ।

### ४.२.१ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूप भन्नाले त्यसको आकार प्रकार वा अनुहार भन्ने बुझिन्छ । यस अन्तर्गत शीर्ष भाग, आकार प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ, सफाइ, निर्देशन सम्बन्धी विषयहरू पर्दछन् । प्रश्नपत्रको स्वरूपगत उपयुक्तताको अध्ययन विश्लेषण यस अनुसन्धानमा गरिएको छ ।

#### ४.२.१.१ शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भागमा सम्बन्धित संस्थाको नाम स्पष्ट र शुद्ध हुनु आवश्यक हुन्छ । यसै आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको शीर्ष भागको अवस्था निम्नानुसार पाइन्छ :

क) वि.सं. २०७३ :

Symbol No. ........... RE- 105 'PU'

SEE 2073 (2017)

अनिवार्य नेपाली

ख) वि.सं. २०७४ :

Symbol No. ............ RE – 106 'AC'

SEE 2074 (2018)

अनिवार्य नेपाली

(नयाँ पाठ्यक्रम)

### ४.२.१.२. उपशीर्ष भाग

उपशीर्ष भाग अन्तर्गत प्रश्नका लागि लिखित निर्देशन र प्रश्न सङ्ख्या सहित प्रश्न सुरु नभए सम्मको अवस्थालाई यस खण्डमा अध्ययन गरिएको छ । यस अन्तर्गत निम्न भागहरू पर्दछन् :

क) विषय

ख) कक्षा

ग) समय

घ) पूर्णाङ्क

ङ) उत्तीर्णाङ्क

यी उपशीर्षक भागहरूलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. -१

उपशीर्षक भागका एकाइ

| साल | उपशीर्षक भागका एकाइ | | | | |
|---|---|---|---|---|---|
| | विषय | कक्षा (तह) | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
| २०७४ | नेपाली | १० | २ घ. १५ मि. | ७५ | - |
| २०७३ | नेपाली | १० | ३ घ. | १०० | - |

स्रोत : वि.सं. २०७३ र ०७४ का सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई हेर्दा उपशीर्ष भागका एकाइ अन्तर्गत वि.सं. २०७३ सालको प्रश्नपत्रमा समय ३ घण्टा, पूर्णाङ्क १०० र उत्तीर्णाङ्क उल्लेख नगरेको पाइयो भने

२०७४ सालको प्रश्नपत्रमा समय २ घण्टा १५ मिनेट, पूर्णाङ्क ७५ र उत्तीर्णाङ्क उल्लेख नगरेको पाइयो ।

### ४.२.१.३ आकार

प्रश्नपत्र कस्तो आकारको बनाउने, लामो, मध्यम वा छोटो भन्ने कुरा नै आकार हो । प्रश्नपत्रको आकार सम्बन्धमा कुनै सैद्धान्तिक मान्यता नभए पनि प्रश्नको प्रकृति, परीक्षण उद्देश्य, समय र प्रश्न सङ्ख्यालाई ख्याल गरी मध्यम स्तरीय हुनु उपयुक्त हुन्छ । प्रतिनिधि प्रश्नपत्र २१ से.मि. लम्बाइ र १४.५ से.मि. चौढाइका रहेका छन् । यस दृष्टिले हेर्दा प्रतिनिधि प्रश्नहरू उपयुक्त नै रहेका देखिन्छन् ।

### ४.२.१.४ प्रश्न सङ्ख्या

प्रश्न सङ्ख्याले प्रश्नपत्रमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाले यसलाई प्रभाव पारेको हुन्छ, यद्यपि यो दृष्टांशीय तत्त्व मात्र हो । यस दृष्टिले हेर्दा वि.सं. २०७३ र २०७४ सालको माध्यमिक शिक्षा परीक्षामा उपयोग गरिएका नेपाली प्रश्नपत्रमा क्रमशः २४ र २५ ओटा प्रश्नहरू रहेका छन् । प्रश्नको सङ्ख्या हेर्दा विशिष्टीकरण तालिका अनुरूप नै रहेको देखिन्छ । यी प्रतिनिधि प्रश्नहरू कक्षा दशको स्तर अनुरूप नै देखिन्छन् ।

### ४.२.१.५ प्रश्न र पृष्ठ

एउटै प्रश्नलाई दुई ओटा पृष्ठमा राखिँदा परीक्षार्थीहरू अलमलिन सक्ने भएकाले स्वरूपगत दृष्टिले एउटा प्रश्नलाई एउटै पृष्ठमा राख्नु राम्रो हुन्छ । एउटा प्रश्नको निर्देशन अर्को पृष्ठमा भयो भने प्रश्नपत्रको तालमेल बुझ्न बारम्बार पाना पल्टाउनु पर्ने हुन्छ, जसका कारण विद्यार्थी झुक्किन सक्छन् । अर्को पृष्ठमा पनि प्रश्न छ भन्ने जानकारी दिन निर्देशन वा सङ्केत दिनुपर्छ । पृष्ठ निर्देशिन गर्न क्रमशः अर्कोपट्टि १, २, ३ ……….. आदि लेख्ने चलन छ । यहाँ प्रतिनिधि प्रश्नको सङ्केतको अवस्था यस्तो छ :

क) वि.सं. २०७३ र २०७४ दुबै सालमा सोधिएका प्रश्नपत्रको पृष्ठको अन्तमा क्रमशः ले सङ्केत गरिएको छ ।

ख) दुबै सालका प्रश्नपत्रको पृष्ठ सङ्ख्या प्रश्नपत्रका सिरानमा अङ्ग्रेजी अङ्क 1, 2, 3, 4, 5, 6 ले सङ्केत गरिएको छ भने २०७३ सालको प्रश्नमा चार पृष्ठ र २०७४ सालको प्रश्नमा ६ पृष्ठ रहेका छन् ।

ग) वि.सं. २०७३ सालको प्रश्नपत्रको अन्त्यमा ✌✌✌ चिन्हले र वि.सं. २०७४ सालको प्रश्नपत्रको अन्त्यमा ✍✍✍ चिन्हले प्रश्न समाप्त भएको सङ्केत गरिएको छ ।

### ४.२.१.६ कागज

प्रतिनिधि दुबै प्रश्न सेतो र मध्यम स्तरीय कागजमा छापिएका छन् । वि.सं. २०७३ सालको प्रश्नपत्र तुलनात्मक रूपमा केही बाक्लो कागजमा छापिएको देखिन्छ यद्यपि दुबै प्रश्नपत्रहरू कागजका दृष्टिले उपयुक्त देखिन्छन् ।

### ४.२.१.७ छपाइ र सफाइ

परीक्षा सञ्चालन पूर्व प्रश्नपत्रको छपाइ गरी पोको पारी सक्नुपर्दछ । छपाइका क्रममा अक्षरको उपयुक्त आकार, वाक्य तथा अनुच्छेद बीचको अन्तर, प्रश्न सङ्ख्या आदिको व्यवस्थापन पढ्न सहज हुने गरी गर्नुपर्दछ । प्रश्नपत्रको चारैतिरको किनारा छोडाई कम्तिमा २ से.मि. हुनुपर्ने भएतापनि दायाँ बायाँको किनारा छोडाइमा प्रतिनिधि प्रश्नपत्रहरूमा सचेतता अपनाइएको देखिँदैन ।दुबै प्रश्नपत्रहरूमा दायाँ बायाँ १.३ से.मि. र तल माथि १.५ से.मि. किनारा छोडेको देखिन्छ । नेपाली प्रश्नपत्रमा अङ्ग्रेजी अङ्कले पृष्ठ सङ्ख्या र अन्य सङ्केतहरू गर्नुले सचेतताको कमी प्रस्ट्याएको छ ।

### ४.२.२ निर्देशन

प्रश्नपत्र तयार गरी सङ्गठित गर्ने कार्यका लागि परीक्षाको स्पष्ट निर्देशनहरू तयार गर्नु आवश्यक छ । परीक्षाको उद्देश्य, उत्तरका लागि समय, उत्तरका आधार र उत्तर दिने तरिका प्रश्नपत्रमा उल्लेख गर्नुपर्दछ । निर्देशन शुद्ध, स्पष्ट सरल र वस्तुगत हुनुपर्दछ ताकी परीक्षणीय उद्देश्य सार्थक हुन सकून । प्रश्न सङ्केत, निर्देशक चिन्ह, पृष्ठ निर्देशन, विकल्प निर्देशन आदिले प्रश्नलाई स्पष्ट आकर्षक र उद्देश्यमूलक बनाउन भूमिका खेल्ने भएकाले यस्ता पक्षमा ध्यान पुऱ्याउनु जरुरी हुन्छ । प्रश्नपत्रमा निर्देशनको महत्वपूर्ण भूमिका रहने हुँदा प्रतिनिधि प्रश्नपत्रको निर्देशनको अवस्थालाई निम्नानुसार देखाइएको छ :

### ४.२.२.१ शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । प्रश्नको प्रकृति र समयसीमा अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गरिनु पर्छ । यस दृष्टिले हेर्दा वि.सं. २०७३ र २०७४ सालमा सोधिएका प्रश्नपत्रको शीर्ष निर्देशनमा 'दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस्' भनिएको छ ।

### ४.२.२.२. प्रश्न निर्देशन

प्रश्न निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । प्रश्नपत्रलाई वैध, स्पष्ट, उद्देश्यपूर्ण, सरल एवम् प्रभावकारी) तुल्याउन प्रश्न निर्देशन आवश्यक हुन्छ । एउटा प्रश्न भित्र उपप्रश्न रहने स्थितिमा त झन निर्देशन अनिवार्य हुन्छ । निर्देशन नभएको प्रश्न अस्पष्ट अन्योलपूर्ण र अवैध समेत हुन्छ । प्रश्नपत्रको उत्तर लामो वा छोटो कस्तो लेख्ने, उपप्रश्न भए कति ओटा प्रश्नको उत्तर दिने भन्ने निर्देशनमा स्पष्ट हुनुपर्दछ । यस आधारमा हेर्दा प्रतिनिधि प्रश्नपत्रमा स्पष्ट निर्देशन दिइएको देखिन्छ ।

### ४.२.२.३ विकल्प निर्देशन

भाषाका प्रश्नपत्रमा विकल्प सहितका प्रश्नहरू राख्नु आफैँमा राम्रो मानिदैन । यद्यपि परीक्षार्थीलाई सहज होस् भनी विकल्प सहित प्रश्नहरू बनाउने प्रचलन अद्यापि छँदै छ । विकल्प निर्देशनलाई स्पष्ट पार्न पहिलो प्रश्नको अन्त्य पछि दोस्रो पङ्क्ति स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने व्यवस्था मिलाउनु पर्छ । अङ्क वा अक्षरमा दिइने विकल्पमा एकरूपता हुनुपर्छ । यी आधारमा हेर्दा प्रतिनिधि प्रश्नहरूमा निम्न व्यवस्था पाइन्छ :

क) वि.सं २०७३ - ६ ओटा प्रश्नमा विकल्प दिइएको

ख) वि.सं. २०७४ - ५ ओटा प्रश्नमा विकल्प दिइएको

यसरी हेर्दा दुबै सालका प्रश्नपत्रमा विकल्प दिइएको छ ।

### ४.२.२.४ समय निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा नै प्रश्नपत्रको उत्तर दिइनु पर्ने हो त्यसको निर्देशन दिइनु पर्दछ । बेग्लाबेग्लै प्रकृति, विषयगत, वस्तुगत प्रश्नका लागि बेग्लाबेग्लै समय निर्देशन गर्नु आवश्यक छ । समय निर्देशनले निश्चित समय सीमा भित्र प्रश्नको उत्तर दिन परीक्षार्थीलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । यस बारे अगाडि तालिका नं १ मा उल्लेख गरिएको छ ।

### ४.२.२.५ अङ्क निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क र उत्तीर्णाङ्कको अङ्क निर्देशन गर्नु आवश्यक हुन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रमा उल्लेखित पूर्णाङ्क, उत्तीर्णाङ्क तथा समयलाई तालिका नं. १ उल्लेख गरी सकिएको छ । पूर्णाङ्कका आधारमा नै प्रश्नपत्रमा प्रश्नको वितरण र अङ्क (मूल्य) निर्देशन गर्नु आवश्यक हुन्छ । प्रश्नको उपयुक्ततालाई मध्यनजर गरी हरेक प्रश्नको उत्तर दिए वापत पाउने अङ्कको सङ्केत गर्नुपर्दछ । जसले गर्दा परीक्षार्थीलाई प्रश्नको मूल्य अनुसार समय सीमामा बाँधिएर उत्तर दिन सजिलो हुन्छ । समयलाई व्यवस्थापन गरी योजनाबद्ध ढङ्गले परीक्षा दिएमा मात्र परीक्षार्थीले राम्रो अङ्क प्राप्त गर्दछन् । उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रको अङ्क निर्देशन यसप्रकार छ :

तालिका नं. २

अङ्क निर्देशन

| क्र. सं. | साल | जप्र. सं. | पू. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७३ | १८ | १०० | ४ | ३ | ५ | ५ | ४ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १० | ५ | १० |
| २ | २०७४ | १८ | ७५ | २ | २ | २ | ३ | ३ | ३ | २ | ४ | ३ | ५ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |

स्रोत : वि.सं २०७३ र २०७४ का सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई अध्ययन गर्दा वि.सं. २०७३ र २०७४ सालका प्रश्नपत्रमा प्रश्न संख्या समान छन् । पूर्णाङ्क भने २०७३ सालमा १०० र २०७४ सालमा ७५ रहेको देखिन्छ । दुबै प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क उल्लेख गरिएको छ । प्रश्न सङ्ख्या १०, ११, १२ बाहेक अन्य प्रश्नको प्राप्ताङ्क फरक रहेको छ भने प्रश्नको उत्तर दिए वापत कति अङ्क पाउने भन्ने कुराको सङ्केत स्पष्ट रूपमा दिइएको छ ।

### ४.२.३ अङ्क विभाजन र समय निर्धारण

अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरूले प्रश्नपत्रको बाह्य वैधतामा आघात पुऱ्याउने हुँदा प्रश्नपत्रमा अङ्क र समय निर्धारण स्पष्ट रूपमा निर्धारण गर्नु आवश्यक हुन्छ। अङ्क र समयको असन्तुलनले अक्षरको सघनता र सङ्गठनमा परीक्षार्थीलाई प्रत्यक्ष प्रभाव पार्दछ र मापनमा पनि बाधा पुग्दछ। प्रश्नको प्रकृति, कठिनाइ स्तर, उत्तरको आकार आदिका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्दछ। विवेचनात्मक र सृजनात्मक प्रकृतिका प्रश्नको उत्तर दिन बढी समय लाग्ने हुँदा बढी समय खर्चनुपर्ने हुन्छ र त्यस्ता प्रश्नका लागि अङ्क पनि बढी राख्नुपर्ने हुन्छ। यस अध्ययनमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्रमा उल्लिखित समय निर्देशन र पूर्णाङ्कको अनुपातलाई तलको तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. ३

अङ्क विभाजन र समय निर्धारण

| साल | पूर्णाङ्क | समय | अनुपात |
|---|---|---|---|
| २०७३ | १०० | ३ घण्टा | १.८ मिनेट |
| २०७४ | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |

स्रोत : २०७३ र २०७४ सालका सक्कल प्रश्नपत्र

माथिको तालिकामा २०७३ सालको प्रश्नपत्रमा पूर्णाङ्क १०० लाई समय ३ घण्टा विवरण गरेकाले प्रतिप्रश्न खर्चनुपर्ने समय १.८ मिनेट रहेको देखिन्छ। २०७४ सालको प्रश्नपत्रमा पूर्णाङ्क ७५ र समय २ घण्टा १५मिनेट  रहेकोमा प्रतिप्रश्न १.८ मिनेट नै समय खर्चनुपर्ने अवस्था रहेको छ। यसरी दुबै सालमा पूर्णाङ्क र समय फरक भए पनि उत्तर दिनुपर्ने समयको अनुपात भने समान रहेको छ।

### ४.२.४ प्रस्तुति र अनुक्रम

प्रश्नपत्रमा प्रश्नहरूको रखाइको क्रम नै प्रस्तुति अनुक्रम हो। एउटा असल प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुति र अनुक्रमले ठूलो भूमिका खेलेको हुन्छ। प्रश्नका प्रकृतिहरू विभिन्न हुन्छन्, जस्तै : शब्दार्थ, शब्द पहिचान, वाक्यमा प्रयोग, शुद्ध लेखन, शब्दवर्ग, काल, पक्ष, भाव, पदसङ्गति, वाच्य परिवर्तन, कारक, विभक्ति, बोध प्रश्न, संवाद, कथा, जीवनी,

मनोवाद, निबन्ध लेखन, सङ्क्षिप्त उत्तर, विवेचनात्मक उत्तर, व्याख्या, सप्रसङ्ग व्याख्या लेखनको अनुक्रम सरललाई जटिलतातर्फ हुनु आवश्यक हुन्छ। प्रतिनिधि प्रश्नपत्रमा प्रश्नको वितरण निम्न अनुक्रममा गरिएको छ :

| वि.सं. २०७३ साल | | वि.सं. २०७४ साल | |
|---|---|---|---|
| क्र.सं. | प्रश्नका प्रकार | क्र.सं. | प्रश्नका प्रकार |
| १ | शब्दार्थ | १ | शब्दार्थ |
| २ | शब्द पहिचान | २. | शब्द पहिचान |
| ३ | वाक्यमा प्रयोग | ३ | वाक्यमा प्रयोग |
| ४ | शुद्धीकरण | ४ | शुद्धीकरण |
| ५ | पदवर्ग | ५ | पदवर्ग |
| ६ | उपसर्ग प्रत्यय | ६ | उपसर्ग प्रत्यय |
| ७ | काल, पक्ष, भाव | ७ | काल, पक्ष, भाव |
| ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन |
| ९ | प्रश्नोत्तर | ९ | वाक्य रचना र वर्णन |
| १० | बुँदा टिपोट र सारांश | १० | वोध, पर्यायवाची कारक र विभक्ति |
| ११ | कथा वा जीवनी लेखन | ११ | बोध प्रश्नोत्तर |
| १२ | चिठी लेखन | १२ | बुँदा टिपोट र सारांश लेखन |
| १३ | तर्क/संवाद लेखन | १३ | जीवनी र चिठी लेखन |
| १४ | निबन्ध लेखन | १४ | सप्रसङ्ग व्याख्या |
| १५ | सप्रसङ्ग व्याख्या | १५ | बोध प्रश्न |
| १६ | संक्षिप्त प्रश्न | १६ | तार्किक उत्तर |
| १७ | तार्किक प्रश्न | १७ | लामो उत्तर |
| १८ | विवेचनात्क प्रश्न | १८ | निबन्ध लेखन |

स्रोत : २०७३ र २०७४ सालका सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई हेर्दा वि.सं. २०७३ सालको प्रश्नपत्रको अनुक्रम पुरानो पाठ्यक्रम र पुरानो विशिष्टीकरण  तालिका अनुरूप र २०७४ सालको प्रश्नपत्रको अनुक्रम नयाँ पाठ्यक्रम र नयाँ विशिष्टीकरण तालिका अनुरूप रहेको देखिन्छ ।

### ४.२.५ भाषा

प्रश्नपत्रमा उपयुक्त भाषाको प्रयोग निकै महत्त्वपूर्ण हुन्छ । एउटा मात्र अक्षर थपघट हुँदा अर्थको अनर्थ हुन सक्ने हुँदा प्रश्नपत्रमा भाषागत त्रुटि हुनु हुदैन । तर वर्ण विन्यासगत, पदयोग-वियोग तथा लोप थपोटगत त्रुटिहरू हुन सक्छन् । प्रतिनिधि प्रश्नपत्रमा भएका यस्ता त्रुटिहरू निम्नानुसार छन् :

#### ४.२.५.१. वर्णविन्यासगत त्रुटि

वर्णविन्यासगत त्रुटि अन्तर्गत ह्रस्व-दीर्घ, शिरविन्दु-चन्द्रविन्दु सम्बन्धी त्रुटिलाई लिइएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं ५ : वर्णविन्यासगत त्रुटि

| साल | प्र.नं. | ह्रस्व दीर्घ सम्बन्धी त्रुटि | हुनुपर्ने | चन्द्रविन्दु शिरविन्दु सम्बन्धी | हुनुपर्ने |
|---|---|---|---|---|---|
| २०७३ | ९ | लागू | लागु | जिउने | जिउँने |
| २०७४ | - | - | - | - | - |

माथिको तालिकालाई हेर्दा प्रतिनिधि प्रश्नपत्रमा ह्रस्व-दीर्घ र शिरविन्दु-चन्द्रविन्दु सम्बन्धी त्रुटिहरू अत्यन्त कम रहेका देखिन्छन् । प्रश्नपत्रको शुद्धाशुद्धिमा निकै ध्यान पुऱ्याइएको देखिन्छ ।

#### ४.२.५.२ पदयोग-वियोग सम्बन्धी त्रुटि

एउटै डिकोमा लेख्नुपर्ने शब्दलाई टुक्राउनु र टुक्राउनु पर्नेलाई जोडेर लेख्नु यस अन्तर्गतका त्रुटिहरू हुन् । तिनीहरूलाई निम्न तालिकामा देखाइन्छ :

तालिका नं. ६

| साल ( वि.सं.) | प्र. सं. | पदयोग वियोगगत त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| २०७३ | १० | मिलाइदिन्छौँ | मिलाई दिन्छौँ |
| | ९ | बेचविखनविरुद्ध | बेचविखन विरुद्ध |
| २०७४ | ११ | उपकरणलगायत | उपकरण लगायत |

माथिको तालिकालाई हेर्दा २०७३ सालको प्रश्नपत्रमा दुईओटा र २०७४ सालको प्रश्नपत्रमा एउटा पदयोग-वियोग सम्बन्धी त्रुटि रहेको छ।

### ४.२.५.३ वर्ण तथा अक्षर लोप सम्बन्धी त्रुटि

प्रश्नपत्रमा कुनै अक्षर दोहोरिने कुनै अक्षर लोप हुने अवस्था रहन्छ। यस्तो त्रुटिलाई वर्ण लोपगत र थपोटगत त्रुटि भनिन्छ। यस्ता त्रुटिहरूले अर्थको अनर्थ लाग्ने र उत्तरमा असर परी परीक्षालाई प्रभावित पार्ने भएकाले प्रश्नपत्रको छपाइमा विशेष ध्यान दिनु जरुरी हुन्छ। प्रतिनिधि प्रश्नपत्रहरूमा भएका अक्षर लोपगत र थपोटगत त्रुटिहरू यसप्रकार छन् :

तालिका नं. ७

वर्ण तथा अक्षर लोप सम्बन्धी त्रुटि

| साल | प्र. सं. | वर्ण तथा अक्षरसम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| २०७३ | ९ | कारवाही | कारबाही |
| | ९ | सन्दर्भभा | सन्दर्भमा |
| २०७४ | १७ | जरो | ज्वरो |

यसरी माथिको तालिकालाई हेर्दा वर्ण वा अक्षर लोपथपोट सम्बन्धी त्रुटिहरू न्यून मात्रामा रहेका छन्। माध्यमिक शिक्षा परीक्षाको प्रश्नपत्र निर्माणमा भाषागत रूपमा निकै सचेतता अपनाइएको कुरा प्रतिनिधि प्रश्नपत्रको अध्ययनबाट पुष्टि हुन्छ। प्रश्नपत्रलाई शतप्रतिशत शुद्ध बनाउन तर्फ सम्बन्धित निकाय सचेत हुनु आवश्यक छ।

# परिच्छेद : पाँच

## ५.१ आन्तरिक आधारमा प्रश्नपत्रको तुलनात्मक विश्लेषण

पाठ्यक्रम पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाले प्रश्नपत्रको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । प्रश्नपत्रलाई रूपविधान वा बाह्य आधारमा मात्र अध्ययन गरेर प्रश्नको वास्तविक र तथ्यपूर्ण विश्लेषण हुन सक्दैन । प्रश्नपत्रको प्रकृति हेरेर यसको मूल्याङ्कन गर्नु भनेको कुनै पुस्तकको बाह्य गाता हेरेर वास्तविकताको निक्यौंल गर्न खोज्नु जस्तै हो । यसले कोरा अनुमान मात्र हुन्छ तर वास्तविक तथ्य प्राप्त हुँदैन ।

प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । प्रश्नपत्रको बाह्य स्वरूपले त्यसको आन्तरिक स्वरूपलाई प्रभावित पार्न सक्छ तर त्यसलाई औपचारिक तत्त्व मात्र मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षाको दिशा निर्धारण गर्दछ । मूल्याङ्कनको उद्देश्य हासिल गर्न गराउन यसले मार्ग निर्देश गर्दछ । कुनै प्रश्नको उद्देश्यपरकता, प्रक्रियागत प्रभावकारिता, स्तरयुक्तता, विषयवस्तुको उपयोगिता, उपयुक्तता जस्ता कुराको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययनबाट गर्न सकिन्छ ।

प्रश्नपत्र निर्माणका आधार मानिने आन्तरिक आधारहरूबाट प्रश्नपत्रको उपयुक्तता पत्ता लगाउन सकिन्छ । यस अध्ययनमा आन्तरिक आधारमा प्रश्नपत्र निर्माण विश्लेषणका लागि निम्नलिखित आधारहरू प्रस्तुत गरिएका छन् :

### ५.१.१ पाठ्यक्रमका आधारमा

विद्यार्थीको शैक्षिक उपलब्धि मापनको महत्त्वपूर्ण साधन प्रश्नपत्र हो । शिक्षण सिकाइ क्रियाकलापको अन्त्य पछि सिकारुले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू प्रश्नपत्रले मापन गर्न सक्नुपर्दछ । यस अध्ययनको अध्याय पाँचमा प्रतिनिधि प्रश्नपत्रलाई कक्षा १० को नेपाली विषयको पाठ्यक्रमसँग तुलना गर्दै त्यसको उपयुक्ततालाई विश्लेषण गरिएको छ । पाठ्यक्रम शैक्षिक क्षेत्रको एक बृहत् अवधारणा हो । यसले समग्र शैक्षिक प्रणालीलाई मार्गनिर्देशित गरेको हुन्छ । यहाँ प्रश्नपत्रलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

### ५.१.२ भाषिक सीपगत आधारमा प्रश्नपत्रको वितरण

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । प्रश्नपत्रमा मूल्याङ्कनका साधनहरू वितरण गर्दा परीक्षार्थीको भाषिक सीपको क्षमता तथा स्तर मापन गर्ने प्रकृतिका साधनहरू समावेश गर्न सकेमा मात्र नेपाली विषयको शिक्षणका निर्दिष्ट उद्देश्यहरू हासिल हुन सक्छन् । भाषिक सीपको उपयुक्त संयोजनबाट मात्रै प्रश्नपत्रमा वैधता कायम हुन सक्छ । भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ, व्याकरणिक ज्ञान र शब्द भण्डारको प्रयोगसँग सम्बन्धित क्षमता परीक्षण गर्ने उद्देश्य अनुरूप परीक्षणको साधन निर्माण गरिनु पर्दछ ।

#### ५.१.२.१ सुनाइ सीप

भाषिक सीपहरूमध्ये पहिलो सीप सुनाइ हो । सुनाइ बिना बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न सकिदैन । भाषा शिक्षणका क्रममा विद्यार्थीको अधिकांश समय पनि सुनाइमा नै बित्छ । सुनाइ सीप विकास भए नभएको मूल्याङ्कन प्रश्नोत्तर, व्याख्या आदिबाट गरिन्छ । सुनाइ क्रमिक रूपमा हासिल गर्ने प्रक्रियाको रूपमा देखा पर्दछ । सिकारुको उमेर अनुरूप सुनाइ सीपको अभिवृद्धि हुँदै जानुपर्दछ ।

माध्यमिक शिक्षा पाठ्यक्रम वि.सं. २०६४ मा सुनाइ सीपको परीक्षण कक्षागत परीक्षणको अङ्गका रूपमा हुने प्रावधान थियो । माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले चाहि सुनाइ सीप परीक्षणका लागि १० पूर्णाङ्क निर्धारण गरी मूल्याङ्कन गर्ने प्रावधान राखेको छ । तथापि प्रतिनिधि प्रश्नपत्रमा भने सुनाइ सीपलाई समेटेको देखिदैन ।

#### ५.१.२.२ बोलाइ सीप

भाषिक सीपहरूमध्ये दोस्रो महत्त्वपूर्ण सीप बोलाइ हो, जुन सुनाइपछि प्राप्त हुन्छ । विद्यार्थीहरूको धेरै समय बोलाइमा खर्च हुने गर्दछ । बोलाइ सीप राम्रो भएको सिकारु भाषिक क्रियाकलापमा बढी सहभागी बन्दछ । जति बढी भाषिक क्रियाकलापमा संलग्न भयो त्यति नै बोलाइ सीपको विकास हुन्छ । माध्यमिक तहको नेपाली पाठ्यक्रम २०६४ ले बोलाइ सीपको मूल्याङ्कन कक्षागत रूपमा नै गर्ने प्रावधान राखेको थियो भने नयाँ पाठ्यक्रम २०७१ ले चाहिँ १५ पूर्णाङ्कको छुट्टै बोलाइ सीप परीक्षण गर्ने प्रावधान राखेको छ । प्रतिनिधि प्रश्नपत्रमा भने बोलाइ सीप समेटिएको देखिदैन ।

### ५.१.२.३ पढाइ सीप

भाषिक सीपहरूमध्ये महत्त्वपूर्ण सीप पढाइ सीप हो । मौन पठन, द्रुत पठन, सस्वर-वाचन लगायत लिखित सामग्री पठनका विभिन्न तरिकाहरू हुन्छन् । सस्वर-वाचन गर्दा गति, यति, आरोह, अवरोह, हाउभाउ, मुखमुद्रा आदिको विशेष र स्तरीय अभ्यास हुनु आवश्यक हुन्छ । पढाइका लागि संवाद, वादविवाद, नाटक कविता जस्ता विधाहरू बढी उपयोगी हुन्छन् । माध्यमिक शिक्षा पाठ्यक्रममा पढाइ सीप विकासका लागि कथा, प्रबन्ध, निबन्ध, रूपक, जीवनी जस्ता गद्य विधाको उपयोग गर्न सकिने उल्लेख छ । वि.सं. २०६४ सालको माध्यमिक पाठ्यक्रममा पढाइ सीप अन्तर्गत बोध क्षेत्र र सारांश लेखन क्षेत्रसँग सम्बन्धित हुने गरी गद्य विधाबाट १० अङ्कभार अर्थात कूल पूर्णाङ्कको १० प्रतिशत वितरण हुने गरी प्रश्नहरू समावेश गर्नुपर्ने प्रावधान छ भने परिमार्जित पाठ्यक्रम २०७१ मा भने १५ अङ्कभार अर्थात कूल पूर्णाङ्कको १५ प्रतिशत वितरण हुने गरी समावेश गर्नुपर्ने प्रावधान छ । पढाइ सीपका लागि प्रतिनिधि प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तल तालिकामा देखाइन्छ :

तालिका नं. ८

पढाइ सीपका लागि अङ्कभार वितरण

| साल ( वि.सं.) | बोध क्षेत्रको अङ्कभार | प्र.सं. | सारांश क्षेत्रको अङ्कभार | प्र.सं. |
|---|---|---|---|---|
| २०७३ | ५ | ९ | ५ | १० |
| २०७४ | १० | १०, ११ | ५ | १२ |

स्रोत : २०७३ र २०७४ सालका सक्कल प्रश्नपत्र

यसरी प्रतिनिधि प्रश्नपत्रमा पढाइ सीपका लागि पाठ्यक्रमले तोकेअनुरूप अङ्कभार छुट्याइएको छ ।

### ५.१.२.४ लेखाइ सीप

भाषाका चार सीपहरूमध्ये अन्य तीन सीपहरूको प्राप्तिपछि प्राप्त हुने सीप लेखाइ सीप हो । बोलाइबाट पनि विचारको प्राप्ति हुने भए पनि त्यो अल्पकालीन हुन्छ । लेखाइले विचारलाई चिरस्थायी र दीर्घकालसम्म सुरक्षित राख्ने हुँदा लेखाइको महत्त्व सर्वोपरि छ ।

माध्यमिक तहमा लेखाइले भाषिक अनुभवलाई समेटेर व्यक्त गर्ने कार्य गर्दछ । विद्यार्थीको रचनात्मक अभिव्यक्तिको मूल्याङ्कन गर्न लेखाइ सीपका लागि माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले निर्देशित रचना ५ प्रतिशत र स्वतन्त्र रचना २० प्रतिशत गरी जम्मा २५ प्रतिशत अङ्कभार वितरण गरेको छ भने २०७१ सालको पाठ्यक्रमले निर्देशित रचना ४ प्रतिशत र स्वतन्त्र रचना ८ प्रतिशत गरी जम्मा १२ प्रतिशत अङ्कभार वितरण गरेको छ । यसका लागि कथा, जीवनी, चिठी, वादविवाद, संवाद र निबन्ध लेखन विधाहरू कायम गरी सिफारिस गरिएका छन् । २०६४ को पाठ्यक्रम अनुरूप २०७३ सालको प्रश्नपत्र रहेको हुँदा उक्त प्रश्नपत्रमा कथा वा जीवनी लेखनका लागि ५ अङ्क, चिठी लेखनका लागि ५ अङ्क र निबन्ध लेखनका लागि १० अङ्क वितरण गरिएको छ भने २०७१ को पाठ्यक्रम अनुरूप २०७४ सालको प्रश्नपत्र रहेको हुँदा उक्त प्रश्नपत्रमा जीवनी वा चिठी लेखनका लागि ४ अङ्क र निबन्ध लेखनका लागि ८ अङ्क वितरण गरिएको छ अर्थात पाठ्यक्रम अनुरूप नै प्रश्नहरू वितरण गरिएका छन् । लेखाइ सीपका लागि प्रतिनिधि प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण यसप्रकार  छः :

तालिका नं ९

लेखाइ सीपका लागि अङ्कभार वितरण

| साल (वि.सं.) | विधा र अङ्कभार | | | | |
|---|---|---|---|---|---|
| | कथा, जीवनी, चिठी वादविवाद, संवाद लेखन (निर्देशित लेखन) | प्र.सं. | निबन्ध (स्वतन्त्र लेखन) | प्र.सं. | जम्मा अङ्कभार |
| २०७३ | ५ | ११ | १५ | १२, १४ | २० |
| २०७४ | ४ | १३ | ८ | १८ | १२ |

स्रोत : २०७३ र २०७४ सालका सक्कल प्रश्नपत्र

माथिको तालिकालाई हेर्दा प्रतिनिधि प्रश्नपत्रमा पाठ्यक्रम अनुरूप नै लेखाइ सीपका लागि अङ्कभार निर्धारण गरिएको छ ।

### ५.१.२.५ भाषातत्त्व/व्याकरण

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले व्याकरणलाई १८ अङ्कभार छुट्याएको छ भने २०७१ ले १५ छुट्याएको छ । माध्यमिक तहमा व्याकरण समावेश गर्नुको मुख्य अभिप्राय सैद्धान्तिक पक्षको ज्ञान नभई विधाका पाठहरूको प्रकृति अनुसार भाषातत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमताको विकास गराउनु हो । व्याकरण विधालाई मूल्याङ्कन कार्यमा प्रस्तुत गर्दा नियममा आधारित नभई उदाहरण र प्रयोग सम्बद्ध प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

प्रतिनिधि प्रश्नपत्रमा व्याकरण अन्तर्गत शब्दवर्ग, वाक्य रचना, कारक र विभक्ति, काल, पक्ष, भाव, वाच्य परिवर्तनसँग सम्बन्धित प्रश्नहरू पाठ्यक्रम अनुरूप नै समावेश गरिएका छन् ।

### ५.१.२.६ वर्णविन्यास

वर्णविन्यास अन्तर्गत ह्रस्व-दीर्घ, पदयोग-वियोग, पञ्चम वर्णको प्रयोग श, ष, स को प्रयोग आदि नियमहरू पर्दछन् । भाषा विषयको लिखित परीक्षण वा लिखित अभिव्यक्ति शुद्ध हुनु आवश्यक हुन्छ । यसका अतिरिक्त शुद्धीकरणसँगै सम्बन्धित प्रश्नहरू पनि प्रतिनिधि प्रश्नपत्रमा समावेश गरिएका छन् । वि.सं. २०७३ सालको प्रश्नपत्रमा शुद्धीकरण गर्ने प्रश्नका लागि ५ अङ्क र २०७४ सालको प्रश्नपत्रमा ३ अङ्क वितरण गरिएको छ, जुन पाठ्यक्रम अनुरूप नै रहेको छ ।

### ५.१.२.७ शब्दभण्डार

शब्दभण्डार अन्तर्गत शब्दार्थ, पर्यायवाची, अनेकार्थी, विपरीतार्थी, पारिभाषिक/प्राविधिक शब्द, वाक्य निर्माण, उखान-टुक्का, श्रुतिसमभिन्नार्थी शब्द आदि पर्दछन् । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले शब्दभण्डारलाई १२ अङ्क छुट्याएको छ भने २०७१ ले ६ अङ्क छुट्याएको छ । प्रतिनिधि प्रश्नपत्रमा शब्दभण्डारको वितरणको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं १०

शब्दभण्डारका लागि अङ्कभार वितरण

| साल (वि.सं.) | जम्मा पूर्णाङ्क | शब्द पहिचान | वाक्यमा प्रयोग | जम्मा अंकभार |
|---|---|---|---|---|
| २०७३ | १०० | ७ | ५ | १२ |
| २०७४ | ७५ | २ | ४ | ६ |

स्रोत : २०७३ र २०७४ सालका सक्कल प्रश्नपत्र

माथिको तालिकालाई अध्ययन गर्दा शब्दभण्डारका लागि अङ्कको वितरण पाठ्यक्रम अनुरूप नै रहेको देखिन्छ ।

## ५.२. विधाका आधारमा प्रश्नपत्रको वितरण

माध्यमिक शिक्षा पाठ्यक्रमले नेपाली विषयका लागि विधा तथा विषयवस्तुलाई निर्दिष्ट गरेको छ । निर्दिष्ट विधा तथा क्षेत्रका लागि अङ्कभार समेत वितरण गरेको छ । यस अध्ययनमा उपभोगमा ल्याएका प्रतिनिधि प्रश्नपत्रहरूमा समावेश भएका मूल्याङ्कनका साधनहरू सफल भए नभएको पत्ता लगाई तुलनात्मक विश्लेषण गर्नु यस एकाइको मूल अभिप्राय हो ।

### ५.२.१ कथा विधा

कथा विधाअन्तर्गत पौराणिक, सामाजिक र मनोवैज्ञानिक कथाहरू समावेश छन् । कथा विधा समावेश गर्नुको उद्देश्य मौखिक वा लिखित माध्यमबाट कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथाले सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । कथा विधाबाट पाठगत बोध, सारांश घटनाक्रम मिलाउने, भाव विस्तार तथा रचनासँग सम्बन्धित प्रश्न निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ । प्रतिनिधि प्रश्नपत्रमा समावेश कथा विधामा आधारित प्रश्नहरूको वितरणको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ११.१

कथा विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७३

| क्र.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | निर्देशित रचना | ११ क | ५ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तरात्मक | १६ क | ५ | ऐच्छिक |
| ३ | विवेचनात्मक उत्तरात्मक | १८ ख | १० | ऐच्छिक |

तालिका नं. ११.२

कथा विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७४

| क्र.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | सप्रसङ्ग व्याख्या | १४ क | ४ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तरात्मक | १५ क | ४ | ऐच्छिक |
| ३ | तार्किक प्रश्न | १६ | ४ | अनिवार्य |
| ४ | लामो उत्तरात्मक | १७ क | ८ | ऐच्छिक |

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा कथा विधासँग सम्बन्धित प्रश्नहरूको वितरणलाई हेर्दा वि.सं. २०७३ सालको प्रश्नपत्रमा यस विधाबाट सोधिएका सबै प्रश्नहरू ऐच्छिक बनाइएका छन् , अर्थात् परीक्षार्थीले कथा विधाका प्रश्नहरूको उत्तर नगरे पनि हुन्छ । प्रश्नहरूको यस्तो वितरणले गर्दा परीक्षार्थीले कथा विधालाई आफ्नो उत्तरपुस्तिकामा नसमेटे कथा विधामार्फत पाठ्यक्रमले राखेका उद्देश्यहरू मापन हुन सक्दैनन् । त्यस्तै वि.सं. २०७४ सालको प्रश्नपत्रमा कथा विधाबाट तार्किक प्रश्नलाई अनिवार्य बनाइएको छ । यसरी वि.सं. २०७३ र २०७४ सालको प्रश्नपत्रमा कथा विधाबाट कूल २० अङ्कका प्रश्नहरू समावेश गरिएका छन् ।

### ५.२.२ कविता विधा

कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सीप विकास गराउनु हो । विशेष गरी लययुक्त सस्वर वाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदि क्रियाकलाप गराउँदै कविताको अनुकरणात्मक र सृजनात्मक लेखनतिर प्रवृत्त गराउनु यस विधाको उद्देश्य हो । यस विधा अन्तर्गत छन्दोबद्ध र छन्दमुक्त गरी २ प्रकारका कविताहरू समावेश छन्, जुन नीति प्रधान, संस्कृति प्रधान, प्रकृति प्रधान र समाज प्रधान रहेका छन् । कविता विधाबाट भाव पहिचान प्रश्नोत्तर, सारांश , भावार्थ, भाव विस्तार गर्ने प्रश्नहरू बनाई भाषिक मूल्याङ्कन गरिनुपर्दछ । प्रतिनिधि प्रश्नपत्रहरूमा कविता विधाको अङ्कभार वितरणको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १२.१

कविता विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७३

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | सप्रसङ्ग व्याख्या | १५ क | ५ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तर | १६ ख | ५ | ऐच्छिक |

तालिका नं १२.२

कविता विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७४

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | सप्रसङ्ग व्याख्या | १४ | ४ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तर | १५ ख | ४ | ऐच्छिक |
| ३ | लामो उत्तर | १७ ख | ८ | ऐच्छिक |

यसरी प्रतिनिधि दुबै प्रश्नपत्रमा कविता विधाबाट समावेश गरिएका सबै प्रश्नहरू ऐच्छिक छन् । वि.सं. २०७३ सालको प्रश्नपत्रमा सप्रसङ्ग व्याख्या र सक्षिप्त उत्तरात्मक प्रश्न समावेश छन् जसका लागि ५/५ अङ्क निर्धारण गरिएको छ । त्यसैगरी २०७४ सालको प्रश्नपत्रमा सप्रसङ्ग व्याख्या र संक्षिप्त उत्तरात्मक प्रश्नका लागि ४/४ अङ्क र लामो उत्तरात्मक प्रश्नका लागि ८ अङ्क निर्धारण गरिएको छ । यस विधाका सबै प्रश्नहरू ऐच्छिक भएकाले पाठ्यक्रमले राखेको उद्देश्य मापन गर्न भने कठिन हुने अवस्था देखिन्छ ।

### ५.२.३. निबन्ध विधा

निबन्ध विधाअन्तर्गत सामाजिक, साँस्कृतिक, प्राविधिक, व्यावसायिक, हास्य व्यङ्ग्यात्मक निबन्धहरू समावेश गरिएका छन् । यस विधाको मुख्य उद्देश्य सिकारुमा गद्यात्मक अभिव्यक्तिको बोध साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस विधाका लागि श्रुतिलेखन, अनुलेखन, निर्देशित र स्वतन्त्र निबन्ध लेखन प्रश्नहरू बनाई भाषिक मूल्याङ्कन गर्नुपर्दछ । निबन्ध विधाका प्रश्नहरूको वितरण प्रतिनिधि प्रश्नपत्रमा यसप्रकार रहेको छ :

तालिका नं. १३.१

निबन्ध विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७३

| क्र.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | बोध प्रश्न | ९ | ५ | अनिवार्य |
| २ | निबन्ध लेखन | १४ | १० | अनिवार्य |
| ३ | सप्रसङ्ग व्याख्या | १५ ख | ५ | ऐच्छिक |
| ४ | तार्किक प्रश्न | १७ | ५ | अनिवार्य |

तालिका नं. १३.२

निबन्ध विधाका लागि अङ्कभार वितरण

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | बोध प्रश्न | १० | ५ | अनिवार्य |
| २ | बोध प्रश्न | ११ | ५ | अनिवार्य |
| ३ | लामो उत्तरात्मक प्रश्न | १५ ग | ४ | ऐच्छिक |
| ४ | निबन्ध लेखन | १८ | ८ | अनिवार्य |

माथिका तालिकालाई हेर्दा दुबै सालका प्रश्नपत्रमा निबन्ध विधालाई राम्ररी समेटेको देखिन्छ । वि.सं. २०७३ सालको प्रश्नपत्रले कूल २५ अङ्कका प्रश्नमा २० अङ्क अनिवार्य र ५ अङ्कको प्रश्न ऐच्छिक राखेको देखिन्छ भने २०७४ सालको प्रश्नपत्रले कूल २२ अङ्कका प्रश्नमा १८ अङ्क अनिवार्य र ४ अङ्कको प्रश्न ऐच्छिक राखेको देखिन्छ । यसरी दुबै प्रश्नपत्रमा निबन्ध विधाका अधिकांश प्रश्नहरू अनिवार्य गरिनुलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

### ५.२.४ रूपक विधा

रूपक विधाअन्तर्गत मनोवाद, संवाद, वादविवाद र एकाङ्की विधाहरू समावेश छन् । रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइ मूल्याङ्कन प्रश्नोत्तर, संवाद वा वादविवाद लेखन, स्वतन्त्र लेखन आदिका माध्यमबाट गर्न सकिन्छ र सोही अनुरूप प्रश्नपत्रमा प्रश्नहरू वितरण हुनुपर्दछ । रूपक विधाका लागि प्रतिनिधि प्रश्नपत्रले वितरण गरेको अङ्कभारको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. १४.२

रूपक विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७३

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | वादविवाद/संवाद | १३ क, ख | ५ | ऐच्छिक |
| २ | बुँदा टिपोट र सारांश लेखन | १० | ५ | अनिवार्य |
| ३ | संक्षिप्त उत्तरात्मक | १६ ग | ५ | अनिवार्य |

रूपक विधामार्फत परीक्षार्थीको सृजनात्मक क्षमताको मापन गर्नुपर्ने हुन्छ। यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूमध्ये वि.सं. २०७३ सालको प्रश्नपत्रमा रूपक विधाबाट कूल १५ अङ्कका प्रश्नहरू समावेश गरिएका छन् तर ती प्रश्नहरूले विधागत अपेक्षा भन्दा भिन्न पढाइ सीपलाई मापन गर्न खोजेका छन्। वि.सं. २०७४ सालको प्रश्नपत्रमा भने रूपक विधाबाट कुनै प्रश्न समावेश गरिएको छैन। यसर्थ रूपक विधालाई अन्य विधाको तुलनामा उपेक्षा गरेको देखिन्छ।

### ५.२.५ जीवनी विधा

जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्यकार, आविष्कारक, प्रेरक व्यक्तित्त्व/विचारकहरूा जीवनीहरू समावेश छन्। जीवनी विधाको उद्देश्य भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो। प्रश्नोत्तर, निर्देशित लेखन आदि प्रश्नहरूद्वारा यस सीपको परीक्षण गर्नुपर्ने हुन्छ। जीवनी विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १५.१

जीवनी विधाका लागि अङ्कभार वितरण

वि.सं. २०७३

| क्र.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | निर्देशित रचना | ११ क | ५ | ऐच्छिक |
| २ | विवेचनात्मक उत्तर | १८ क | १० | ऐच्छिक |

स्रोत : वि.सं. २०७३ को प्रश्नपत्र

तालिका नं. १५.२

वि.सं. २०७४

| क्र.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | बुँदा टिपोट र सारांश | १२ | ५ | अनिवार्य |
| २ | निर्देशित रचना | १३ क | ४ | ऐच्छिक |

स्रोत : २०७४ को प्रश्नपत्र

माथिका तालिकालाई हेर्दा दुबै प्रश्नपत्रले जीवनी विधालाई समेटेको देखिन्छ । वि.सं. २०७३ सालको प्रश्नपत्रले कूल १५ अङ्कका र वि.सं. २०७४ सालको प्रश्नपत्रले कूल ९ अङ्कका ऐच्छिक प्रश्नहरू समावेश गरेका छन् । यसरी दुबै प्रश्नपत्रले अनिवार्य प्रश्नको रूपमा जीवनी विधालाई नसमेटेकाले विधागत उपेक्षा गरेको देखिन्छ ।

### ५.२.६ चिठी विधा

चिठी विधाअन्तर्गत घरायसी/ व्यक्तिगत, कार्यालयीय, व्यापारिक र निवेदन समावेश छन् । चिठी विधाको मुख्य उद्देश्य व्यवहारिक लेखन सीपको विकास गराउनु हो । यस विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको अवस्था तलको तालिकामा देखाइएको छ :

तालिका नं. १६

चिठी विधाका लागि अङ्कभार वितरण

| साल (वि.सं.) | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|
| २०७३ | १२ | ५ | अनिवार्य |
| २०७४ | १३ ख | ४ | ऐच्छिक |

स्रोत : २०७३ र २०७४ सालका नेपाली प्रश्नपत्र

माथिको तालिकालाई हेर्दा दुबै प्रश्नपत्रमा चिठी विधालाई समावेश गरिएको छ । २०७३ सालमा ५ पूर्णाङ्कको अनिवार्य, व्यक्तिगत/घरायसी चिठी लेखन प्रश्न समावेश छ भने २०७४ सालमा ४ पूर्णाङ्कको ऐच्छिक व्यक्तिगत/घरायसी चिठी लेखन प्रश्न समावेश छ । विशिष्टीकरण तालिकाले पनि 'चिठी' विधालाई ऐच्छिक रूपमा राख्न सकिने उल्लेख गरेको हुनाले प्रतिनिधि प्रश्नपत्रमा चिठी विधाको समावेशलाई राम्रै मान्न सकिन्छ ।

## ५.३. पाठ्यपुस्तकका आधारमा प्रश्नपत्रको वितरण

विद्यालय स्तरमा पाठ्यक्रमका उद्देश्य प्राप्तिलाई सघाउन पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुको विस्तृत पक्षलाई समेट्दै निश्चित ज्ञान सीप र अभिवृत्तिमा केन्द्रीकृत पाठ्यपुस्तकको सिफारिस गरिएको छ । शिक्षक तथा विद्यार्थीले उपयोग गर्ने त्यस्ता पाठ्यपुस्तकहरू विद्यार्थीको उमेर, रुची, क्षमता र मनोवैज्ञानिक पक्षलाई ख्याल गरी निर्माण गर्नुपर्छ र सोही अनुरूप प्रश्नपत्र निर्माण गरी उपयोगमा ल्याउनु पर्छ तर प्रश्नपत्र हुबहु पाठ्यपुस्तकमा आधारित हुनु पर्दछ भन्ने होइन ।

यस अध्ययनमा उपयोग गरिएका दुबै प्रश्नपत्रहरू पाठ्यपुस्तकमा नै आधारित भएर निर्माण गरिएका छन् । अर्थात् पाठ्यपुस्तकमुखी प्रश्नहरूको बाहुल्य प्रश्नपत्रमा रहेको पाइन्छ । पाठ्यपुस्तक भित्रै भएका प्रश्नहरूलाई लिएर प्रश्नहरूको वितरण गरिएको छ । तथापि हुबहु पाठ्यपुस्तकका पाठ वा अभ्यास खण्डसँग सम्बन्धित नभएका प्रश्नहरू पनि समावेश छन् । यसरी सोधिएका प्रश्नहरूले पनि पाठ्यपुस्तकमा रहेका विषयवस्तुको विधागत मर्मलाई भने समातेका छन् ।

- 'व्यावसायिक शिक्षा नै विकासको आधार हो' भन्ने कुरा दर्शाइ दार्चुला निवासी आफ्ना काकालाई भाइ बहिनीलाई प्राविधिक शिक्षा पढाउन आग्रह गर्दै एउटा चिठी लेख्नुहोस् । (२०७३)
- 'एकल परिवार भन्दा संयुक्त परिवार नै उत्तम' भन्ने वादविवादको विषयमा विपक्षका मतको खण्डन गर्दै पक्षका तर्फबाट आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् । (२०७३)
- कामको खोजीमा विदेश जान खोज्ने साथीलाई स्वदेशमै वसी स्वरोजगारमा लाग्न आग्रह गर्दै चिठी लेख्नुहोस् । (२०७४)

यी प्रश्नहरू पाठ्यपुस्तकको पाठमा छैनन् तर यिनले पाठ्यक्रमको उद्देश्यलाई भने प्रतिबिम्बित गरेका छन् । शैक्षिक उद्देश्यको प्राप्तिका लागि सहयोगी सामग्री पाठ्यपुस्तक भए पनि वास्तवमा पाठ्यपुस्तक आफैँमा पूर्ण भने हुँदैन । यसर्थ विद्यार्थीहरूमा पाठ्यपुस्तक भित्रका अभ्यासबाट मात्र प्रश्न सोधेर शैक्षिक उद्देश्य प्राप्ति भए वा नभएको जानकारी नहुने हुँदा अध्ययन गरिएका प्रश्नहरू यस दृष्टिले उपयुक्त नै छन् ।

## ५.४ विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको वितरण

विशिष्टीकरण तालिका वि.सं. २०६४ र वि.सं. २०७३ सँग अध्ययनमा उपयोग गरिएका वि.सं. २०७३ र २०७४ का प्रश्नपत्रहरू सम्बन्धित छन् । विशिष्टीकरण तालिकासँगको प्रश्नपत्रको केन्द्रीय सापेक्षता र उपयुक्ततालाई यस खण्डमा प्रस्तुत गरिन्छ । प्रश्नपत्र भित्रका प्रत्येक प्रश्नहरूको अध्ययन गरी विशिष्टीकरण तालिका बीचको अनुरूपतालाई समेत यहाँ प्रस्तुत गरिएको छ । विशिष्टीकरण तालिका (२०६४) र (२०७३) ले सिफारिस गरेका प्रश्नका प्रकार (पढाइ र लेखाइ) का शीर्षकलाई अध्ययन गरी प्रश्नको तह, संख्या, अङ्कभार र समयलाई प्रश्नपत्रमा उल्लेख गरिए अनुसार विशिष्टीकरण तालिकासँग तुलना गरिएको छ ।

### ५.४.१ शब्दभण्डार

शब्द भण्डार अन्तर्गत शब्दार्थ, शब्द पहिचान र वाक्यमा प्रयोगसँग सम्बन्धित प्रश्नहरू पर्दछन् । यहाँ प्रतिनिधि प्रश्नपत्रमा  गरिएको शब्दभण्डारको वितरण र विशिष्टीकरण तालिका बीच तुलना गर्दै विश्लेषण गरिन्छ ।

विशिष्टीकरण तालिका २०६४ मा शब्दार्थ, शब्द पहिचान र वाक्यमा प्रयोगका लागि क्रमशः ४, ३ र ५ अङ्क वितरण गर्नु पर्ने उल्लेख छ भने विशिष्टीकरण तालिका २०७३ मा शब्दार्थ, शब्द पहिचान र वाक्यमा प्रयोगका लागि क्रमशः २, २ र २ अङ्भार वितरण गर्नु पर्ने उल्लेख छ। प्रतिनिधि दुबै प्रश्नपत्रमा सोही अनुरूप शब्दभण्डारसँग सम्बन्धित प्रश्नहरू वितरित भएका छन् अर्थात विशिष्टीकरण तालिका अनुरूप नै शब्दभण्डारलाई प्रश्नपत्रमा समावेश गरिएको छ।

### ५.४.२ व्याकरण

विशिष्टीकरण तालिकामा व्याकरण विधा अन्तर्गत शब्दवर्ग, कारक /विभक्ति, शब्दनिर्माण, काल, पक्ष, भाव, वाच्य, वाक्य परिवर्तन, वाक्य विश्लेषणसँग सम्बन्धित प्रश्नहरू हुनुपर्ने र २०७३ मा पहिचान र प्रयोग (वाक्यकोटी अनुसारको रचना) सँग सम्बन्धित प्रश्नहरू हुनुपर्ने उल्लेख छ। यसका लागि कूल पूर्णाङ्कको निम्नअनुसार अङ्कभार वितरण गरी प्रश्नहरू सोधिनु पर्ने कुरा उल्लेख छ :

क) शब्दवर्ग

विशिष्टीकरण तालिका २०६४ ले यसका लागि ४ अङ्क वितरण गरी ४ वटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाउने भनी उल्लेख गरेको छ भने विशिष्टीकरण तालिका २०७३ ले ३ अङ्क वितरण गरी विकारी वर्गबाट ४ वटा र अविकारी वर्गबाट २ वटा गरी जम्मा ६ शब्द पर्ने गरी रेखाङ्कन गरेर पहिचान गर्न लगाउने भनी उल्लेख गरेको छ।

ख) शब्द निर्माण (उपसर्ग र प्रत्यय)

विशिष्टीकरण तालिका २०६४ ले शब्द निर्माणका लागि जम्मा ४ अङ्क वितरण गरी ४ वटा उपसर्ग र ४ वटा प्रत्यय सोधी शब्द निर्माण गर्न लगाउने वा उपसर्ग लागेका ४ वटा र प्रत्यय लागेका ४ वटा शब्द दिई आधार पद छुट्याउन लगाउने भनी उल्लेख गरेको छ भने २०७३ ले जम्मा २ अङ्क वितरण गरी कुनै छोटो गद्यांश दिई कम्तिमा दुईवटा उपसर्ग लागेका र कम्तिमा २ वटा प्रत्यय लागेर बनेका शब्द दिएर तिनको पहिचान गरी लेख्न लगाउने वा गद्यांशमा २ वटा उपसर्ग र २ वटा प्रत्यय दिई शब्द निर्माण गर्न लगाउने भनी उल्लेख गरिएको छ।

ग) समास र विग्रह

विशिष्टीकरण तालिका २०६४ ले समास र विग्रहका लागि २ अङ्क वितरण गरेको छ । समस्त शब्दलाई विग्रह गर्ने २ वटा र विग्रह अवस्थाका २ वटा शब्दलाई समस्त बनाउनु पर्ने कुरा उल्लेख गरेको छ । २०७३ ले पनि यसका लागि २ अङ्क नै वितरण गरेको छ । विग्रहलाई समास र समासलाई विग्रह गर्ने एक एक वटा शब्द वा कम्तिमा समस्त १ वटा र विग्रह १ वटा शब्द प्रयोग भएको कुनै छोटो गंद्याश दिई समास र विग्रह पहिचान गर्न लगाउने कुरा विशिष्टीकरण तालिका २०७३ मा उल्लेख छ ।

घ) काल पक्ष र भाव

यसका लागि विशिष्टीकरण तालिका २०६४ ले ५ अङ्क वितरण गरी ५ वटा धातु सङ्केत गरी खाली ठाउँ भर्न लगाउने भनी तोकेको छ भने २०७३ ले काल र पक्षबाट २ र भाव/अर्थबाट २ वटा धातु सङ्केत गरी वाक्य पूरा गराउन लगाउने भनी ४ अङ्क विभाजन गरेको छ ।

ङ) वाक्य परिवर्तन र वाक्य रचना

विशिष्टीकरण तालिका २०६४ ले यसका लागि ५ अङ्क निर्धारण गरी वाच्य (सामान्यार्थ मात्र) १, करण १, अकरण १ र कोटी (लिङ्ग, वचन, पुरुष) बाट २ प्रश्न सोधी परिवर्तन गर्न लगाउने भनेको छ भने २०७३ ले वाक्य परिवर्तनका लागि ४ र वाक्य रचनाको लागि ३ गरी जम्मा ७ अङ्क वितरण गरको छ । कोष्ठकको निर्देशन अनुरूप वाक्य परिवर्तन गर्ने र क्रियाका खास काल, पक्ष र भाव मध्ये कुनै एकको कोटी तोकेर तीन वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने कुरा यसमा उल्लेख छ । प्रतिनिधि प्रश्नपत्रमा व्याकरण परीक्षणका लागि वितरण गरिएको अङ्क विभाजनलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १७

व्याकरण परीक्षणको अङ्क विभाजन

| साल (वि.सं) | शब्दवर्ग | शब्द निर्माण | समास र विग्रह | काल पक्ष र भाव | वाक्य परिवर्तन र रचना | जम्मा | पूर्णाङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०७३ | ४ | २ | २ | ५ | ५ | १८ | १०० | १८ |
| २०७४ | ३ | २ | १ | २ | ७ | १५ | ७५ | ११.२५ |

स्रोत : २०७३ र २०७४ सालका सक्कल प्रश्नपत्र

माथिको तालिकालाई हेर्दा दुबै प्रतिनिधि प्रश्नपत्रहरूमा विशिष्टीकरण तालिका अनुरूप नै व्याकरण विधाको वितरण भएको छ । अर्थात पूर्णतया विशिष्टीकरण तालिकाको उपयोग गरिएको छ ।

### ५.४.३ बोध प्रश्न

विशिष्टीकरण तालिका २०६४ ले विभिन्न लेख रचनाबाट १५० शब्दसम्मको (अदृष्टांश, गद्यांश) दिई त्यस सम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै ५ प्रश्न सोध्ने भनी ५ अङ्कभार निर्धारण गरेको छ भने विशिष्टीकरण तालिका २०७३ ले चाहिँ ५/५ अङ्कका दृष्टांश र अदृष्टांश २ वटा गद्यांश सोध्ने भनी उल्लेख गरेको छ । अध्ययन गरिएका प्रतिनिधि प्रश्नपत्रमा पनि सोही अनुरूप बोध प्रश्नहरूको वितरण गरिएको छ ।

### ५.४.४ बुँदा टिपोट र सारांश (दृष्टांश)

विशिष्टीकरण तालिका २०६४ ले गद्य विधाका पाठबाट १५० शब्दसम्मको गद्यांश दिई सारांश लेख्न लगाउने भनी उल्लेख गरेको छ र जसका लागि ५ अङ्क निर्धारण गरेको छ भने विशिष्टीकरण तालिका २०७३ ले गद्य विधाका पाठबाट बढीमा १५० शब्द सम्मको दृष्टांश दिई ४ वटा बुँदा टिपेर सारांश लेख्न लगाउने भनी उल्लेख गरेको छ र जसका लागि ५ अङ्कभार निर्धारण गरेको छ । प्रतिनिधि प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुरूप नै बुँदा टिपोट र सारांश लेखनसँग सम्बन्धित प्रश्नहरू सोधिएका छन् ।

### ५.४.५ निर्देशित रचना

विशिष्टीकरण तालिका २०६४ मा निर्देशित रचनाका लागि ५ अङ्कभार निर्धारण गरी बुँदा दिई कथा वा जीवनीबाट २ प्रश्न सोधी कुनै १ गर्न लगाउने भनी उल्लेख छ र सोही अनुरूप वि.सं. २०७३ सालको प्रश्नपत्र निर्माण गरिएको छ भने विशिष्टीकरण तालिका २०७३ मा बुँदा दिई कथा/जीवनीबाट १ र एकाङ्की/मनोवाद /वादविवाद/चिठीबाट १ गरी २ प्रश्न सोधेर कुनै एक प्रश्नको उत्तर दिन लगाउने जसका लागि ५ अङ्क निर्धारण गर्ने कुरा उल्लेख छ। वि.सं. २०७४ सालको प्रश्नपत्र सोही प्रावधान अनुरूप निर्माण भएकाले विशिष्टीकरण तालिकाको पूर्ण पालना भएको देखिन्छ।

### ५.४.६ भाव विस्तार/व्याख्या/सप्रसङ्ग व्याख्या /विवेचना

विशिष्टीकरण तालिका २०६४ ले सप्रसङ्ग व्याख्या र विवेचनात्मक उत्तर आउने प्रश्न सोध्नु पर्ने उल्लेख गरेको छ। निर्धारित विधाका दुई विशिष्ट पङ्क्ति दिई कुनै १ को प्रसङ्ग सहित व्याख्या गर्न लगाउने (यसमा कविताको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने) र त्यसका लागि ५ अङ्कभार छुट्याउनु पर्ने प्रावधान गरेको छ भने कथा/जीवनी/निबन्ध मध्ये कुनै २ विधाबाट विश्लेषणातमक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने र त्यसका लागि १० अङ्कभार छुट्याउनु पर्ने कुरा उल्लेख २०६४ को पाठ्यक्रमले गरेको छ सोही अनुरूप २०७३ सालको प्रश्नपत्र निर्माण भएको छ। विशिष्टीकरण तालिका २०७३ ले चाहिँ कथा/कविता/निबन्ध/जीवनी विधाबाट कुनै दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको भाव विस्तार , व्याख्या वा सप्रसङ्ग व्याख्या गर्न लगाउने र त्यसका लागि ४ अङ्क छुट्याउने भनी उल्लेख गरेको छ। २०७४ सालको प्रश्नपत्र सोही अनुरूप निमाण भएकाले विशिष्टीकरण तालिकाको प्रयोगमा ध्यान पुऱ्याएको देखिन्छ।

### ५.४.७ पाठगत बोध (संक्षिप्त उत्तरात्मक र लामो उत्तरात्मक)

विशिष्टीकरण तालिका वि.सं. २०६४ मा पाठगत बोध अन्तर्गत निर्धारित विधाहरू मध्येबाट मूलभाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ४ वटा संक्षिप्त उत्तरात्मक प्रश्न सोधी ३ वटाको उत्तर दिन लगाउने जसका लागि प्रतिप्रश्न ५ अङ्कका दरले जम्मा १५ अङ्कभार तोकिएको छ। २०७३ सालको विशिष्टीकरण तालिकाले भने पाठगत बोध

अन्तर्गत संक्षिप्त उत्तरात्मक र लामो उत्तरात्मक दुबै ढाँचाका प्रश्नहरू सोध्नु पर्ने कुरा उल्लेख गरेको छ । कथा, कविता, निबन्ध, जीवनीबाट कुनै अंश उद्धृत गरी कम्तिमा ५ वाक्यमा उत्तर दिने खालका ३ वटा प्रश्न सोधी कुनै २ प्रश्नको उत्तर दिन लगाउने जसका लागि ८ अङ्क निर्धारण गर्नुपर्ने कुरा यस तालिकाले गरेको छ । त्यस्तै पाठगत बोध अन्तर्गत नै लामो उत्तरात्मक प्रश्न सोध्नु पर्ने जसमा पाठ्यपुस्तक भित्र समावेश गरिएका कथा, जीवनी, प्रबन्ध/निबन्ध मध्ये कुनै २ विधाबाट पाठगत अंश वा सूचना दिई त्यसका आधारमा विश्लेषणात्मक, सिर्जनात्मक तथा समीक्षात्मक क्षमता परीक्षण गर्ने किसिमका कुनै दुई प्रश्न सोधी एकको उत्तर दिन लगाउने र त्यस प्रश्नको भार ८ अङ्कको हुने उल्लेख छ । प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा विशिष्टीकरण तालिका अनुरूप नै रहेका देखिन्छन ।

### ५.४.८ स्वतन्त्र रचना (सिर्जनात्मक)

विशिष्टीकरण तालिका २०६४ ले स्वतन्त्र रचनालाई १५ अङ्कभार तोकेको छ । वादविवाद र मनोवाद मध्येबाट २ प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने जसका लागि ५ अङ्क निर्धारण गर्नु पर्ने भनी उल्लेख गरेको छ । त्यस्तै आत्मपरक एउटा र वस्तुपरक २ वटा पर्ने गरी कुनै तीन शीर्षक दिने र ती मध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने र त्यसलाई १० अङ्क निर्धारण गर्नुपर्ने समेत तालिकामा उल्लेख छ । यसले व्यवहारिक रचना भनी ५ अङ्को चिठी लेखनलाई पनि सिफारिस गरेको छ । २०७३ सालको प्रश्नपत्र सोही अनुरूप निर्मित छ । विशिष्टीकरण तालिका २०७३ ले स्वतन्त्र रचनाको लागि ८ अङ्कभार तोकेको छ । एक आत्मपरक र २ वस्तुपरक गरी ३ शीर्षक दिने र कुनै एउटामा कम्तिमा १५० शब्दसम्मको निबन्ध लेख्न लगाउने भनी उल्लेख गरेको छ । २०७४ सालको प्रश्नपत्र सोही अनुरूप निर्माण भएकाले विशिष्टीकरण तालिकाको पूर्ण पालना भएको देखिन्छ ।

## ५.५ प्रश्नपत्रको वैधताको विश्लेषण

जुन विषय र उद्देश्यले परीक्षण एवम् मापन गर्नका लागि प्रश्न बनाइएको हो । त्यही कुराको सफल र प्रमाणित परीक्षण एवम् मापन हुन सक्ने स्थिति प्रश्नहरूमा देखिएमा त्यस्ता प्रश्नलाई वैध मान्न सकिन्छ । जुन उद्देश्यका लागि साधनको निर्माण गरिएको हो

सोही उद्देश्य पूरा गर्न सक्ने क्षमता वा त्यसको हद वैधताले देखाउँछ । यसले मापनको शुद्धतालाई दर्शाउँछ ।

परीक्षणबाट प्राप्त नतिजाको निष्कर्ष कत्तिको अर्थपूर्ण र उपयोगी हुन्छ भन्ने कुराको सुनिश्चितता वैधताले गर्दछ । प्रश्नहरू आन्तरिक र बाह्य दुबै रूपमा शुद्ध हुन आवश्यक हुन्छ । वैधता उद्देश्यसँग सम्बन्धित हुन्छ । यसले परीक्षणले दाबी गरे अनुसारकै गुण कत्तिको मापन गर्न सक्छ भन्ने जनाउछ । प्रतिनिधी प्रश्न पत्रहरूको वैधता पुष्टिका लागि वैधताका निम्न पक्षहरूमा अध्ययन विष्लेषण गरिएको छ ।

### ५.५.१ विषयगत वैधता

विषयगत वैधता हुनका लागि परीक्षणमा समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुलाई प्रतिनिधित्त्व गरेको सुनिश्चित गर्नुपर्दछ । परीक्षणका साधनले पाठ्यक्रमले तोकेका उद्देश्य, विषयवस्तु, विषयवस्तुका सीमाहरूलाई समेटेको सुनिश्चितता गर्दछ भने त्यस्तो परीक्षणमा विषयगत वैधता भएको मान्न सकिन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रमा पाठ्यक्रमले निर्धारण गरेका क्षेत्रहरू समेटिएको देखिएकाले यी प्रश्नपत्रहरूमा विषयगत वैधता उच्च रहेको पाइन्छ ।

### ५.५.२ रचनात्मक वैधता

कुनै पनि परीक्षण वा आँकलनमा कार्यबाट प्राप्त नतिजाको आधारमा व्यक्तिको निश्चित गुण वा व्यवहारको व्याख्या गर्न सकिन्छ भने उक्त नतिजामा रचनात्मक वैधता भएको भन्न सकिन्छ (खनाल र अन्य, २०७२:१४६) । रचना भन्नाले अवलोकन गर्न वा मापन गर्न नसकिने व्यक्तिका गुण वा व्यवहारलाई जनाउँदछ । रचनालाई सैद्धान्तिक गुणको रूपमा पनि लिन सकिन्छ । यस्ता गुणहरू व्यक्तिका व्यवहार भने होइन तर व्यवहारका आधारमा लेखाजोखा गर्न सकिन्छ ।

रचनात्मक भन्नुको तात्पर्य भावनात्मक हो । गुणहरू भावनात्मक हुन्छन् । यिनीहरूलाई ज्ञानेन्द्रिय मार्फत मात्रात्मक तवरमा जाँच्न सकिँदैन । यिनीहरूलाई जाँच्नका लागि निश्चित आधारहरू विकास गर्नुपर्दछ । यससन्दर्भमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न सोधिएको छ । यसले रचनात्मक वैधता प्राप्तिमा सहयोग पुऱ्याएको छ । अर्कोतर्फ प्रश्नपत्रमा सोधिएका कण्ठस्थीकरणमा आधारित

स्तर प्रतिकूल र घुमाउरा प्रश्नहरूले भने रचनात्मक वैधताको गुणलाई आघात पुऱ्याएको देखिन्छ ।

### ५.५.३ पूर्व सूचनात्मक वैधता

परीक्षणबाट प्राप्त नतिजालाई भविष्यमा गरिने कार्यको नतिजासँग तुलना गर्दा उच्च सहसम्बन्ध देखाउँछ भने उक्त परीक्षणमा पूर्व सूचनात्मक वैधता छ भन्न सकिन्छ । पूर्व सूचनात्मक वैधता प्रश्नमा हुनु आवश्यक छ । परीक्षार्थीहरूमा पूर्व सोचाइ अनुसार पछि पनि उपलब्धि हासिल भएमा पूर्व सूचनात्मक वैधता भएको विश्वास गरिन्छ । विद्यार्थीको विशेष क्षमता जाँच्नका लागि पाठ्ययक्रमको अपेक्षा अनुसार मापन पूर्व नै यसका आधारहरू तय गर्नुपर्दछ । यसले पूर्व सूचनात्मक वैधता कायम गर्न सघाउँछ ।

प्रतिनिधि प्रश्नपत्रलाई अध्ययन गर्दा ती प्रश्नपत्रमा रचनात्मक वैधताको कमजोरीले पूर्व सूचनात्मक वैधतामा समेत नकरात्मक असर परेको देखिन्छ । प्रश्नपत्रमा समेटिएका प्रश्नहरू पाठ्यपुस्तकमा रहेका अभ्यासहरूसँग हुबहु मिल्नाले पनि प्रश्नपत्रको पूर्वकथानात्मक वैधता हुन सकेको छैन । कुनै विषयलाई बढि समेट्नु र कुनै विषयलाई समेट्न नसक्नुले पनि यस वैधतालाई असर पारेको देखिन्छ । कक्षा १० को नेपालीपाठ्यपुस्तकबाट हुबहु सारिएका प्रश्नहरूले पूर्व सूचनाको वैधतालाई कमजोर बनाएका छन् ।

# परिच्छेद : छ

# सारांश तथा सुझाव

## ६.१ सारांश

प्रश्नपत्रको तुलनात्मक अध्ययनका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन बाह्य र आन्तरिक स्वरूपका आधारमा गरिएको थियो । प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम र भाषालाई प्रश्नपत्रको बाह्य स्वरूपको प्रमुख आधार मानिएको थियो । उक्त मुख्य आधारभित्र पनि अन्य उप आधारहरू तय गरिएको थियो भने आन्तरिक आधारमा पाठ्यक्रमको आधार, भाषिक सीपगत आधार, विधागत आधारलाई प्रमुख मानी प्रश्नपत्रको वैधताको विश्लेषण गरिएको थियो । यी आधारबाट विश्लेषण गर्दा प्रतिनिधि प्रश्नपत्र बाह्य र आन्तरिक दुबै आधारमा केही कमजोर रहेको पाइयो । जसलाई निम्नानुसार चर्चा गरिन्छ :

१. बाह्य आधारमा अध्ययन गर्दा प्रश्नपत्रमा निम्नानुसारको स्थिति देखिएको छ :

क. प्रश्नपत्रको स्वरूप

प्रतिनिधि प्रश्नपत्रहरूको शीर्ष भाग लेखाइमा समानता पाइन्छ । वि.स. २०७३ सालको प्रश्नपत्रको शीर्ष निर्देशनमा ह्रस्व-दीर्घ सम्बन्धी त्रुटि रहेको देखिन्छ । दुबै प्रश्नपत्रको शीर्ष भागमा क्रमाङ्क, प्रश्न सङ्केत सङ्ख्या र पृष्ठ सङ्ख्या अङ्ग्रेजी भाषामा रहेको देखिन्छ । यसले प्रश्नपत्र निर्माताहरू नेपाली भाषाप्रति संवेदनशील नरहेको प्रष्ट पार्दछ । प्रश्न निर्देशन एउटा पृष्ठमा र प्रश्न अर्को पृष्ठमा रहेको पनि देखिन्छ । प्रश्न निर्देशन चिन्हको सट्टा पूर्ण विराम चिन्हको प्रयोग दुबै प्रश्नपत्रमा गरिएको छ यसले परीक्षार्थीलाई अन्योलमा पार्न सक्छ । पूरानो र नयाँ पाठ्यक्रम अनुसारका प्रश्नपत्र रहेकाले प्रश्नपत्रको आकारमा एकरूपता छैन । दुबै प्रश्नपत्रको किनारा छोडाइमा खासै सचेतता अपनाइएको देखिदैन ।

ख) निर्देशन

प्रतिनिधि दुबै प्रश्नपत्रमा शीर्ष निर्देशन दिइएको छ । विकल्प निर्देशन र पृष्ठ निर्देशनको समेत स्पष्ट रूपमा सूचना दिइएको छ भने प्रश्न समाप्तिको जानकारी दिन

अन्त्यमा फरक फरक चिन्हको प्रयोग गरिएको छ । प्रश्नको शीर्ष भागमा दिइएको पूर्णाङ्क र प्रश्नका लागि विभाजन गरिएको अङ्क जोड्दा समान रहेको देखिन्छ ।

ग) अङ्क विभाजन र समय निर्धारण

वि.सं. २०७३ सालको प्रश्नपत्र १०० पूर्णाङ्कको रहेका छ भने २०७४ सालको प्रश्नपत्र ७५ पूर्णाङ्कको रहेको छ । १०० पूर्णाङ्कको प्रश्नका लागि ३ घण्टा र ७५ पूर्णाङ्कका लागि २ घण्टा १५ मिनेट समय निर्धारण गरिएको छ , जुन विशिष्टीकरण तालिका अनुरूप नै रहेको छ ।

घ) प्रस्तुति अनुक्रम

वि.सं. २०७३ सालको प्रश्नपत्र वि.सं. २०६४ सालको पाठ्यक्रम तथा विशिष्टीकरण तालिका अनुरूप र २०७४ सालको प्रश्नपत्र वि.सं. २०७१ सालको पाठ्यक्रम तथा विशिष्टीकरण तालिका २०७३ अनुरूप निर्माण भएको देखिन्छ । प्रश्नपत्रको प्रस्तुति अनुक्रम विशिष्टीकरण तालिका अनुरूप नै रहेको छ । प्रश्नहरू क्रमशः सरलदेखि जटिलको क्रममा रहेका छन् ।

ङ) भाषा

प्रतिनिधि दुबै प्रश्नपत्रमा भाषा सम्बन्धी त्रुटिहरू रहेका छन् । ह्रस्व-दीर्घ, पदयोग-वियोग, अक्षर लोप तथा थपोट आदि भाषिक त्रुटिहरूले प्रश्नपत्रको वैधता र आन्तरिक स्वरूपमा समेत प्रभाव पार्ने हुँदा सम्बन्धित निकाय सचेत हुनुपर्ने देखिन्छ ।

२. आन्तरिक आधारमा अध्ययन गर्दा प्रश्नपत्रमा निम्नानुसारको स्थिति देखिएको छ :

क. पाठ्यक्रमका आधारमा

पाठ्यक्रम अनुरूपताका दृष्टिले भाषिक सीपगत आधारमा, विधाका आधारमा, पाठ्यपुस्तकका आधारमा र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको अध्ययन विश्लेषण गरिएको छ । प्रश्नपत्रमा गरिएको प्रश्नहरूको वितरण अर्थात् प्रश्नपत्रमा सोधिएका प्रश्नका किसिम, तिनको सापेक्षता, समय र अङ्कभारलाई अध्ययन गर्दा प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम अनुरूप नै रहेका देखिन्छन् । पूरानो र नयाँ पाठ्यक्रम अनुरूप निर्माण गरिएका प्रश्नपत्रले पाठ्यक्रमको मापदण्डलाई आत्मसात् गरेका छन् ।

ख. भाषिक सीपगत आधारमा

दुबै प्रश्नपत्रमा भाषिक क्षेत्रबाट समावेश प्रश्नसङ्ख्या, प्रश्नका किसिम र तिनको अङ्कभार पाठ्यक्रम अनुरूप नै छन् । प्रश्नहरूबीच भाषिक सीपगत सामञ्जस्य पाइन्छ किनभने विधागत अपेक्षा र भाषिक क्षेत्र अनुरूपकै प्रश्नहरू प्रश्नपत्रमा समावेश गरिएका छन् ।

ग. विधागत आधारमा

प्रतिनिधि प्रश्नपत्रमा विधागत सन्तुलत पूर्ण कायम हुन सकेको देखिँदैन । पाठ्यक्रमले निर्धारण गरेको विधा वा विषयवस्तुको सीमाभित्रै बाँधिएर प्रश्नहरू निर्माण गरिएका भए पनि कुनै विधाबाट बढी र कुनै विधाबाट कम प्रश्नहरू समावेश गरिएका छन् । विधागत रूपमा प्रश्नपत्रको वितरण गर्दा कम्तीमा एउटा प्रश्न अनिवार्य पर्नुपर्ने भए पनि त्यसो नभई प्रश्नहरू ऐच्छिक भएकाले विधागत उपेक्षा भएको देखिन्छ ।

घ. पाठ्यपुस्तकका आधारमा

पाठ्यक्रमको साधनका रूपमा मात्र पाठ्यपुस्तकलाई लिनुपर्ने भए पनि प्रतिनिधि प्रश्नपत्र पाठ्यपुस्तकलाई साध्यकै रूपमा लिई निर्माण भएका देखिन्छन् । दुबै प्रश्नपत्रमा धेरैजसो प्रश्नहरू हुबहु पाठ्यपुस्तकमा केन्द्रित रहेका छन् अर्थात् पाठ्यपुस्तकका अभ्यास खण्डबाट साभार गरिएका छन् ।

ङ. विशिष्टीकरण तालिकाका आधारमा

विशिष्टीकरण तलिका २०६४ र २०७३ (सैद्धान्तिक मूल्याङ्कन) अनुसार प्रतिनिधि प्रश्नपत्र निर्माण भएका छन् । २०६४ सालको विशिष्टीकरण तालिका अनुरूप २०७३ सालको प्रश्नपत्र तयार भएको छ । यसमा पूर्णाङ्क १०० र समय ३ घण्टा तोकिएको छ भने जम्मा प्रश्न २४ ओटा र उत्तर दिनुपर्ने प्रश्न २० ओटा कायम गरिएको छ । वि.सं. २०७३ सालको विशिष्टीकरण तालिका अनुरूप २०६४ सालको प्रश्नपत्र तयार पारिएको छ । यसमा पूर्णाङ्क ७५ र समय २ घण्टा १५ मिनेट तोकिएको छ । जम्मा प्रश्न २५ ओटा र उत्तर दिनुपर्ने प्रश्न २१ ओटा रहेका छन् । जम्मा प्रश्न सङ्ख्या, उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या, अङ्कभार र समयबीच सन्तुलन कायम गरी प्रश्नपत्र निर्माण भएका छन् । ज्ञान, बोध,

व्यावहारिक सीप, उच्च दक्षता मापन गर्ने प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप नै रहेका छन् ।

च) प्रश्ननपत्रको वैधताको विश्लेषण

प्रतिनिधि प्रश्नपत्र पाठ्यक्रमको अपेक्षा र प्रश्नपत्रमा हुनुपर्ने गुणलाई ख्याल गरी निर्माण गरिएका भए पनि कतिपय प्रश्नहरूले वैधतालाई प्रभाव समेत पारेका छन् । विषयगत वैधता उच्च रहे पनि रचनात्मक वैधता र पूर्व सूचनात्मक वैधता भने कायम हुन सकेको देखिदैन । कतिपय प्रश्नहरू घुमाउरा र धेरैजसो प्रश्नहरू पाठ्यपुस्तकबाट हुबहु साभार गरिएकाले यस्तो वैधता कायम हुन नसकेको हो । स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न दुबै प्रश्नपत्रमा रहेकाले रचनात्मक वैधतामा आंशिक सहयोग पुगेको देखिन्छ ।

## ५.२ सुझावहरू

१. प्रश्नपत्रमा विषय, तह, पूर्णाङ्क र समय जस्ता कुराहरू शीर्ष भागमा नै आकर्षक ढङ्गले लेख्नुपर्दछ ।

२. प्रश्नपत्रमा स्पष्ट ढङ्गले शीर्ष निर्देशन, विकल्प निर्देशन दिनुपर्दछ ।

३. धेरै पृष्ठको प्रश्नपत्रमा पृष्ठ सङ्ख्या समेत उल्लेख गर्नुपर्दछ ।

४. नेपाली विषयको प्रश्नपत्रमा पूर्णतया नेपाली भाषाको प्रयोग गर्नुपर्दछ ।

५. प्रश्नपत्रको चारैतिरको किनारा छोडाइमा सचेतता अपनाउनु पर्दछ ।

६. प्रश्नपत्रको कागज आकर्षक र गुणस्तरीय हुनुपर्दछ ।

७. निर्देशन र प्रश्न एउटै पृष्ठमा हुने गरी प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

८. विद्यार्थीको उमेर, अपेक्षा, भाषिक क्षमता र मनोविज्ञान जस्ता पक्षलाई ध्यानमा राखी प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

९. सबै भाषिक सीपलाई प्रश्नपत्रले समेट्नु पर्दछ ।

१०. प्रश्नहरू सरल, मध्यम र जटिल तीनै प्रकृतिका हुनुपर्दछ ।

११. प्रश्नहरू दोहोरो अर्थ लाग्ने खालका हुनुहुँदैन ।

१२. प्रश्नपत्र विषयविज्ञ, दक्ष र अनुभवी जनशक्तिद्वारा तयार पारिनु पर्दछ ।

१३. विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्रको निर्माण हुनुपर्दछ ।

१४. प्रश्नपत्र विश्वसनीय र वैध हुनुपर्दछ ।

१५. प्रश्नले मागेको उत्तरको आयाम अनुमान हुने खालका प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

१६. प्रश्नहरू सरलबाट जटिल क्रममा राख्नुपर्दछ ।

१७. पाठ्यक्रमको उद्देश्य पूरा गर्न सक्ने खालका प्रश्नहरू प्रश्नपत्रमा समावेश गर्नुपर्दछ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज(२०५०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५१), *अनिवार्य नेपालीको प्रश्न निर्माण,* काठमाडौँः प्रवीणता प्रमाणपत्र तह त्रि.वि.पा.वि.के. अन्तरगत अनिवार्य नेपाली विषय समितिद्वारा आयोजित कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

अधिकारी, वाशुदेव (२०७४), *आधारभूत तह उत्तीर्ण परीक्षा (२०७३) मा नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन,* मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

खनाल, पुण्यराज (२०६९), *प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन,* मोरङ : नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

गौतम, रेनुका (२०६६), *जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमखी क्याम्पस, कोसीहरैँचा ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, सुशीला (२०६९), *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन* , मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

पराजुली, तीर्थराज र अन्य (२०६७), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौँ : सनलाइट प्रकाशन ।

पोखेल, भागवत (२०६५), *प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन,* काडमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

पौडेल, माधवप्रसाद (२०५८), *भाषिक प्रश्न निर्माण र विश्लेषणका आधार, शिक्षाशास्त्र सौरभ,*काठमाडौँ : काठमाडौ शिक्षा क्याम्पस ।

भट्टराई, अन्जु (२०७४), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७३) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन,*मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

लिम्बू, विशाल (२०७३) *कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७१) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन,*मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

श्रेष्ठ, सुमन (२०६९) *कक्षा आठको जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन,* काठमाडौ : नेपाली शिक्ष विभाग, त्रि.वि. कीर्तिपुर ।